समता नीति-पत्र ६
२०७१

# दलित-मैत्री निर्वाचन प्रणाली

॥ समता फाउण्डेशन ॥
SAMATA foundation

© समता नीति–पत्र ६
२०७१

*लेखन*
डा. यामबहादुर किसान

*सम्पादन*
राजेन्द्र महर्जन

*सहयोगी*
अर्जुन विश्वकर्मा
अन्जु परियार
टेकेन्द्र विश्वकर्मा
मन्जु बगाले

॥ समता फाउण्डेशन ॥
SAMATA foundation
सानेपा, ललितपुर, नेपाल
फोन : ०१–५५२०८५१
E-mail: info@samatafoundation.org
www.samatafoundation.org

---

यो नीति–पत्र तयार पार्नमा थुप्रै सङ्घसंस्था र व्यक्तिको अमूल्य सहयोग रहेको छ । 'दलित–मैत्री निर्वाचन प्रणाली'बारे विभिन्न अधिकारकर्मी, अनुसन्धानकर्ता र प्राज्ञहरूले सुझाव दिएका छन् । यस नीति पत्रको अनुसन्धान, लेखन र प्रकाशनका लागि इन्टरनेशनल आइडिया (International IDEA) ले आर्थिक सहयोग गरेको छ । यस नीति–पत्रमा व्यक्त विचार, विश्लेषण र निष्कर्षमा आर्थिक सहयोग दिने संस्थाको सहमति अनिवार्य छैन ।

# प्रकाशकीय

नेपाली जनताले व्यग्रतापूर्वक प्रतीक्षा गरेको जनताको संविधान पहिलो संविधानसभाको विघटनपछि अन्योलग्रस्त रह्यो । विघटित संविधानसभाले दलित र महिलाका पक्षमा जे–जति प्रगतिशील अधिकार सुनिश्चित गर्ने सहमति गरेको थियो, ती अधिकार ऐतिहासिक थिए । तिनको रक्षा नै मुख्य चुनौतीका रूपमा रही आएका छन् । दोस्रो संविधानसभाको स्थापना भएपछि दलित प्रतिनिधित्वमा पनि ह्रास भएको छ र राजनीतिक पार्टीहरूको सोचमा समेत प्रतिगमनतर्फका रूझान देखिएको छ । यसले गर्दा सचेत दलित समुदायमा दलित–मैत्री संविधान नबन्ने हो कि भन्ने त्रास व्याप्त भएको छ ।

दोस्रो संविधानसभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सभासद् र दलित अधिकारप्रति समर्पित गैरदलित सभासद्हरूमा संविधान निर्माण प्रक्रियामा दलित जनताले चाहेका आफ्ना हकअधिकार सुसूचित गराउने उद्देश्यले समता फाउण्डेशन र समावेशी फाउण्डेशनले चरणबद्ध रूपमा सञ्चालन गरेका छलफलमध्ये 'नयाँ संविधानमा दलित–मैत्री निर्वाचन प्रणालीको सुनिश्चितता' विषयक छलफलबाट प्राप्त निष्कर्षलाई पुस्तकका रूपमा प्रकाशन गरिएको छ ।

छलफलमा डा. यामबहादुर किसानले प्रस्तुत गरेको कार्यपत्रमा वर्तमान सभासद्द्वय जीवन परियार (नेपाली काङ्ग्रेस) र दलजित श्रीपाइली (एकीकृत नेकपा माओवादी) ले आफ्नो अमूल्य विचार दिनुभएको थियो । साथै, थुप्रै अधिकारकर्मीबाट पनि महत्त्वपूर्ण विचार व्यक्त भएको थियो । उहाँहरू सबैलाई समता फाउण्डेशन तथा समावेशी फाउण्डेशनको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**पदम सुन्दास**
अध्यक्ष, समता फाउण्डेशन

# विषय सूची


| | | |
|---|---|---|
| १. | **पृष्ठभूमि** | ५ |
| २. | **निर्वाचन प्रणालीको पक्षधरता विश्लेषण** | ८ |
| | २.१ पहिलो हुने निर्वाचित हुने प्रणाली | १० |
| | २.२ समानुपातिक निर्वाचन प्रणाली | १४ |
| ३. | **मिश्रित निर्वाचन प्रणाली र परिणाम विश्लेषण** | १८ |
| ४. | **दलित आन्दोलनभित्र दलित–मैत्री निर्वाचन प्रणालीबारे बहस** | २१ |
| | ४.१ बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली | २२ |
| | ४.२ मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली | २५ |
| | ४.३ निर्वाचन क्षेत्र आरक्षण प्रणाली | २७ |
| | ४.४ मिश्रित प्रणालीको निरन्तरताबीच थप उपाय | ३२ |
| ५. | **निष्कर्ष** | ३६ |
| ६. | **सन्दर्भ–सामग्री** | ३८ |

१.

# पृष्ठभूमि

नेपालमा बालिग मताधिकारका आधारमा निर्वाचन गर्ने र निर्वाचित जनप्रतिनिधिद्वारा राज्यका संविधान तथा कानुनहरूको तर्जुमा तथा शासन गर्ने व्यवस्थाको माग २००७ सालदेखि नै उठ्दै आएको हो । राणा शासनविरोधी आन्दोलनलाई थान्को लगाएको विवादित 'दिल्ली सम्झौता'को दोस्रो बुँदामा वयस्क मताधिकारको आधारमा छानिएको 'संविधान निर्माण दात्री समिति'को निर्वाचन सन् १९५२ भित्रै गरी संविधान निर्माण गर्ने कुरा उल्लेख छ (श्रेष्ठ २०६४) ।

सोही सम्झौताको बुई चढेर २००७ फागुन ४ गते नेपाल फर्केका तत्कालीन स्वनिर्वासित राजा त्रिभुवनले फागुन ७ गते जारी गरेको शाही घोषणामा समेत "प्रजाको शासन अबउप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले" भन्ने कुरा उल्लेख भएको पाइन्छ (आचार्य २०६४) । तर वैधानिक सभा गठन नहुँदासम्मका लागि भनेर ल्याइएको नेपाल अन्तरिम शासन विधान, २००७ ले २०१५ माघ मसान्तसम्म निरन्तरता पाइरह्यो ।

राजा महेन्द्रले २०१४ माघ १९ गते गठन गरेको 'नयाँ संविधान मस्यौदा कमिसन'ले नेपाल अधिराज्यको संविधान, २०१५ निर्माण गरिदियो । २०१५ फागुन १ गते राजा

महेन्द्रले त्यही संविधान जारी गरेर संविधानसभाको निर्वाचनको सम्भावनालाई नै अन्त्य गर्दै सोही वर्ष संसद्को निर्वाचन पनि गरिदिए । त्यही निर्वाचन नै नेपाली प्रजातन्त्रको इतिहासमा पहिलो आम चुनाव थियो ।

२०१७ पुस १ गते जननिर्वाचित सरकार र संसद्लाई भङ्ग गरी स्थापना गरिएको निर्दलीय पञ्चायती व्यवस्थामा पनि पटक–पटक राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, गाउँ पञ्चायत र नगर पञ्चायतका निर्वाचन भए । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि क्रमशः २०४८ साल, २०५१ साल र २०५६ सालमा प्रतिनिधिसभाका लागि आम निर्वाचन भए । त्यस्तै, क्रमशः २०४९ साल र २०५४ सालमा स्थानीय निकाय (गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति) का निर्वाचन पनि भए । ती सबै निर्वाचनमा बहुमतीय (बढिमत/बहुमत) निर्वाचन प्रणाली अपनाइएका थिए ।

बहुमतीय निर्वाचन प्रणालीअनुसार भएका निर्वाचनमा उम्मेदवार हुने र मतदान गर्ने अधिकार सबै जात, जाति, लिङ्ग, धर्म, वर्ग र क्षेत्रका नागरिकलाई थियो । त्यसो भए पनि निर्वाचितचाहिं केही सीमित परम्परागत शासक जातजातिका पुरूष मात्रै हुन्थे । यसको अर्थ, निर्वाचन प्रक्रियामा समानता भए पनि परिणाममा समानता थिएन । प्रजातन्त्र पुनर्स्थापनापछिको प्रतिनिधिसभामा महिला ७ जनाभन्दा बढी कहिल्यै निर्वाचित भएनन् । त्यस्तै, दलित समुदायबाट पहिलो आम निर्वाचनमा बाँके जिल्लाबाट कृष्णसिंह परियार एक जना निर्वाचित भएको भए पनि पछिल्ला दुई निर्वाचनमा एक जना पनि निर्वाचित भएनन् ।

यस किसिमको चरम असमावेशी र वञ्चितीकरणले आक्रान्त नेपालमा २०५२ सालबाट शुरू भएको माओवादी जनयुद्धले समावेशिताको नारालाई उठाउने र स्थापित गर्ने काम गऱ्यो । माओवादी जनयुद्धकै जगमा परिचालित २०६२/६३ सालको संयुक्त जनआन्दोलनद्वारास्थापित लोकतन्त्र र अन्तरिम संविधानले संविधानसभा तथा विधायिकामा समावेशीकरणका लागि मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गऱ्यो । विगतमा प्रचलित 'पहिलो हुने निर्वाचित हुने' बहुमतीय निर्वाचन प्रणालीसँगै समानुपातिक निर्वाचित प्रणालीका तत्त्वलाई समावेश गरी मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको थियो ।

त्यही मिश्रित निर्वाचन प्रणालीको परिणामस्वरूप २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा ५० जना[1] र संविधानसभा २०७० मा ४१ जना दलित समुदायका सभासद् निर्वाचित हुन सके । त्यसै गरी, अन्य अल्पसङ्ख्यक, पिछडिएका र सीमान्तकृत समुदायका सदस्य पनि उल्लेख्य मात्रामा निर्वाचित भए । यस्तो परिणाम नेपालको लोकतान्त्रिक इतिहासमा समावेशिताको पहिलो, नौलो र ऐतिहासिक उपलब्धि थियो ।

१ शुरूमा दलित सभासद्को सङ्ख्या ५० थियो, तर बीचमा एमाओवादीबाट दलितको समानुपातिक सूचीबाट सभासद् भएकी उमा गोथे कपालीले आफूलाई नेवार जनजातिको रूपमा परिचित गराउन थालेपछि ४९ भएको थियो । पछि एमाओवादीले आफ्नो खाली सिटबाट पुनः अर्को दलित सभासद् सिफारिस गरेपछि पुनः ५० जना पुगेको हो । यसरी उमा गोथे कपालीलाई समेत जोड्दा ५१ मान्न सकिन्छ । तर उनको गणना जनजातिमा पनि हुने गरेको छ ।

२.

# निर्वाचन प्रणालीको पक्षधरता विश्लेषण

राज्य प्रत्यक्ष वा परोक्ष रूपमा वर्ग, जात, जाति, लिङ्ग, धर्म, वर्ण, समुदाय र क्षेत्र सापेक्ष भएझैँ निर्वाचन प्रणाली पनि राज्यको चरित्रअनुसार सापेक्षिक हुन्छ । यसको मतलब हो, जसरी राज्य पूर्ण रूपमा निरपेक्ष हुँदैन, त्यसरी नै निर्वाचन प्रणाली पनि निरपेक्ष हुँदैन । यसर्थ, निर्वाचन प्रणाली वर्गीय हुन्छ, जातीय हुन्छ र सामुदायिक हुन्छ । निर्वाचन प्रणालीको यो वा त्यो प्रकारको पक्षधरता हुन्छ । यो निर्वाचन प्रणालीको कटु वास्तविकता हो । उदाहरणका लागि, राज्यमा जुन वर्ग, जात, जाति, लिङ्ग, धर्म, वर्ण, समुदाय र क्षेत्रका मानिसहरूको पहुँच र पकड हुन्छ, निर्वाचन प्रणाली पनि उनीहरूकै प्रतिनिधित्व–मैत्री हुने गरी परिकल्पना र छनौट गरिएको हुन्छ । यस्तो पक्षधर निर्वाचन प्रणालीले उनीहरूलाई नै निर्वाचित गर्ने वा त्यसलाई वैधानिकता प्रदान गर्ने कार्य गर्दछ ।

राजनीतिशास्त्री डा. कृष्ण हाछेथुका अनुसार, निर्वाचन जित्ने (विनिबिलिटी) तीन मुख्य आधार हुन्ः सामाजिक संरचनामा उम्मेदवारको उच्च स्थान, माथिल्लो आर्थिक हैसियत र राज्य संयन्त्रसँगको निकटता । यिनै आधारमा पहाडी 'उच्च' जात–समूह कति अगाडि छ भने दलित, जनजाति र मधेसी, मुस्लिम र महिलाजस्ता अरू समूहसँग यसको तुलनै हुँदैन (हाछेथु २०७०ः १०३–१०४) । यो निर्वाचन जित्ने (विनिबिलिटी) का तीन आधार निर्वाचन प्रणालीबारे निर्णय गर्ने वर्ग र समुदायको नेतृत्वका लागि सुविधाजनक देखिएको छ ।

नेपालमा २०१५ सालको पहिलो आम निर्वाचनदेखि २०७० सालको संविधानसभाको दोस्रो निर्वाचनसम्म यस्तो पक्षधर निर्वाचन प्रणालीको प्रयोग हुँदै आएको छ । त्यस्तो प्रयोगले राज्यमा पहुँच र पकड भएका वर्ग, जात, जाति, लिङ्ग, धर्म, वर्ण, समुदाय र क्षेत्रका मानिसहरूलाई नै निर्वाचित गर्ने वा त्यसलाई वैधानिकता प्रदान गर्ने कार्य गरेको तथ्य पुष्टि गर्दै आएको छ । यो कुरा संविधानसभाको पहिलो निर्वाचनमा बहुमतीय प्रणालीबाट निस्केको निर्वाचन प्रणालीबाट पनि प्रमाणित भइसकेको छ । नेपालको निर्वाचन इतिहासमा अत्यन्त प्रतिकूल स्थितिबीच पनि देशको कुल जनसङ्ख्याको ३० प्रतिशत ओगटेको खस आर्य जात–समूहले बहुमतीय प्रणालीका लागि छुट्याइएका कुल २४० सिटमध्ये ४१ प्रतिशत परिणाम आफ्नो पोल्टामा पारेको थियो । बहुमतीयबाट विजित हुनेमा नेपाली काङ्ग्रेसका ५६ प्रतिशत र नेकपा एमालेका ४६ प्रतिशत संविधानसभा सदस्य त्यही जात–समूहका थिए (पूर्ववत्) ।

त्यसैले परम्परागत शासक समूहहरूले जसरी आफ्नो अनुकूलको निर्वाचन प्रणालीको पक्षमा वकालत गर्दै आएका छन्, त्यसरी नै शासन र शक्तिमा पहुँच र पकड नभएका समूहहरूले पनि आफ्नो अनुकूलको निर्वाचन प्रणालीको पक्षमा पैरवी गर्नु अनौठो होइन । लामो समयदेखि राज्यका शक्ति, स्रोत र शासन प्रक्रियाबाट टाढा रहेका र वञ्चितीकरणमा परेका शासित समूहहरूले पनि आफ्नो प्रतिनिधित्व सुनिश्चित गर्ने निर्वाचन प्रणालीको परिकल्पना,छनौट र पक्षधरता देखाउँदै आएका छन्, जुनआवश्यक र स्वाभाविकछ । यसै सन्दर्भमा कुन निर्वाचन प्रणाली कुन समूहको पक्षधर भन्ने बहस हुनु पनि आवश्यक र स्वाभाविक हुन्छ ।

त्यसैले निर्वाचन प्रणाली पनि कुन वर्ग, जात, जाति, लिङ्ग, धर्म, वर्ण, समुदाय र क्षेत्रको पक्षपाती भन्ने कुरा ठम्याउनु जरूरी छ । नेपालमा सामान्यतया विगतका स्थानीय र संसदीय/संविधानसभाका निर्वाचनमा अवलम्बन गरिएको बहुमतीय निर्वाचन प्रणाली परिवारभित्रको पहिलो हुने निर्वाचित हुने[२] प्रणालीलाई परम्परागत शासक तथा हुनेखाने वर्ग, जातजाति र बहुसङ्ख्यक समूहहरूको पक्षधर मानिन्छ । त्यस्तै, समानुपातिक निर्वाचन प्रणाली परिवारभित्रका प्रायः

२ सन् २००४ सम्मको तथ्याङ्कअनुसार 'पहिलो हुने निर्वाचित हुने' बहुमतीय निर्वाचन प्रणाली ४७ मुलुकमा लागू गरिएको छ । यसरी हेर्दा समग्रमा विश्वमा ती ४७ मुलुकसहित ९१ देशमा बहुमतीय प्रणाली, ७२ देशमा समानुपातिक प्रणाली, ३० देशमा मिश्रित प्रणाली र बाँकी ६ मुलुकमा अन्य प्रणाली अवलम्बन गरिएको देखिन्छ (नेपाली श्रेष्ठ र अन्य २०६२ः ३४) ।

सबै प्रणालीलाई परम्परागत शासित, अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्ग तथा समुदायहरूको पक्षधर निर्वाचन प्रणाली भन्ने गरिन्छ ।

विश्वमा निर्वाचन प्रणालीलाई ६ वटा ठूला परिवारमा बाँड्ने गरिएको छ । तिनै ६ वटा प्रणालीभित्र विभिन्न रूपका दर्जनौं शाखा प्रणालीहरू अस्तित्व र प्रयोगमा रहेका छन् । तिनीहरूले वर्ग, जात, जाति, लिङ्ग, धर्म, वर्ण, समुदाय र क्षेत्रका पक्षमा काम गर्दै आइरहेका छन् । यसरी निर्वाचन प्रणालीको पक्षधरताका पनि विविध आयाम देखिएका छन् । त्यसो देखिँदा–देखिँदै पनि यो आलेखमा नेपालमा विगतदेखि वर्तमानसम्ममा अवलम्बन गरिएका तथा आगामी दिनमा पनि यो वा त्यो रूपमा लागू गरिने सम्भावना रहेका यिनै दुई प्रणालीको पक्षधरताबारे मात्रै थप विश्लेषण गरिएको छ ।

## २.१ पहिलो हुने निर्वाचित हुने प्रणाली

'पहिलो हुने निर्वाचित हुने प्रणाली (First Past the Post System-FPTP)' बहुमतीय (बढीमत/बहुमत) प्रणालीको एउटा शाखा हो । बेलायतको उदार पुँजीवादी प्रजातन्त्रको मेरूदण्डको रूपमा रहेको यो प्रणाली भारत हुँदै नेपालमा भित्रिएको हो । यसको दार्शनिक तथा राजनीतिक सामिप्यता उदार पुँजीवादी प्रजातन्त्रसँग रहेको छ भने सामाजिक तथा सांस्कृतिक सम्बन्ध व्यक्तिवाद तथा व्यक्तिको श्रेष्ठतासँग रहेको छ । यो राजनीतिक दल, दलका नीति तथा कार्यक्रम र चुनाव घोषणापत्रमा गरेको प्रतिबद्धताका आधारमा नभएर व्यक्तिको व्यक्तित्व, लोकप्रियता, वरिष्ठता, आर्थिक तथा सामाजि हैसियत, सत्तासँगको सम्बन्ध, कार्यकर्ता परिचालन र विकासे आश्वासनको आधारमा निर्वाचन परिणाममा असर गर्ने प्रणाली हो । यसले दलभन्दा पनि व्यक्तिलाई महत्त्वपूर्ण एकाइ मान्दछ अनि व्यक्ति जनअनुमोदित र जनपरीक्षित हुनु पर्दछ भन्छ । व्यक्तिको वरिपरि घुम्ने, व्यक्तिका निजी क्षमता र हैसियतमा निर्भर रहने हुनाले साम, दाम, दण्ड भेदजस्ता सबै उपाय अपनाउन सक्ने व्यक्ति नै यो प्रणालीद्वारा लाभान्वित हुन सक्छन् । त्यसैले यो व्यक्तिवादी निर्वाचन प्रणाली हो ।

२०१५ सालको आम निर्वाचनदेखि २०५६ सालको संसदीय निर्वाचन र संविधानसभाका २०६४ र २०७० का निर्वाचनमा २४० (४०%) सिटमा यो प्रणालीको अवलम्बन गरिंदै आइएको छ । तर नेपालका राजनीतिक दलहरूले २०१५ सालदेखि लागू गर्दै आएको यो प्रणाली आफ्नै बुद्धिले नेपालको वस्तुस्थितिअनुसार सिर्जनाको गरेको

प्रणाली होइन । त्यसो गरिएको भए यसले हाम्रो आफ्नै प्रकारका विशिष्ट जातीय, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक विविधता र आवश्यकतालाई सम्बोधन गर्न खोज्थ्यो होला । तर यो प्रणालीले नेपालका विविधता र आवश्यकतालाई सम्बोधन गर्न सकेन र आगामी दिनमा पनि सक्दैन । विगतका संसद् तथा संविधानसभाका पूर्ण वा आंशिक सिटमा यो प्रणाली अवलम्बन गरिनुका आफ्नै भू-राजनीतिक परिवेशजन्य कारण र बाध्यता थिए । र, २०६२/६३ सालको जनआन्दोलनपछि यो प्रणालीमा सूचीमा आधारित समानुपातिक प्रणाली थपिनुमा देशभित्रका विविधतालाई सम्बोधन गर्नु पर्ने आवश्यकता सिर्जना भएको थियो ।

पहिलो हुने निर्वाचित हुने बहुमतीय प्रणालीका मूल विशेषता हुन्:

क) सामान्यतया एकल सदस्यीय निर्वाचन क्षेत्रहरूमा र कहींकतै बहुसदस्यीय निर्वाचन क्षेत्रहरूमा पनि प्रयोग हुने;

ख) निर्वाचन क्षेत्रभित्रका बहुमत मतदाताको मत प्राप्त गर्न नपर्ने;

ग) जम्मा उम्मेदवारहरूमध्ये सबैभन्दा बढी वा एकमत मात्रै बढी ल्याएर पनि जित्न सकिने;

घ) सीमित जातजाति वा हुनेखाने वर्गको मतले मात्रै पनि जित्न सकिने ।

यस्तै विशेषता भएकाले पहिलो हुने निर्वाचित हुने बहुमतीय प्रणालीको उप-उत्पादन पनि देखिएका छन् । त्यस्ता उप-उत्पादनका रूपमा निर्वाचन जित्नका लागि उम्मेदवारहरूद्वारा डर, धाक, धम्की, धाँधली, लोभलालच, पैसा, बाहुबलको प्रयोग, सत्ता र शक्तिको दुरुपयोग, सरकारी स्रोतसाधनको दुरुपयोग र अन्य अनुचित प्रभावको पनि प्रशस्तै सम्भावना रहन्छ । सामान्यतया यो प्रणालीमा जुन उम्मेदवारले जति धेरै पैसा खर्च गर्न सक्यो, जति मात्रामा बाहुबलको प्रयोगसँगै सत्ता/शक्तिको दुरुपयोग गर्न सक्यो, उति नै जित्ने सम्भावना रहन्छ । विगतका निर्वाचनका परिणामबाट यसको पुष्टि भइसकेको छ । २०४६ सालमा पुनर्स्थापित प्रतिनिधिसभाको तेस्रो निर्वाचन (२०५६) सम्म आइपुग्दा त्यति बेलाका कतिपय कुख्यात भ्रष्टाचारी तथा तस्करले आफ्ना जिल्लाका सम्पूर्ण निर्वाचन क्षेत्रबाट आफ्नो पार्टीलाई जिताउन आवश्यक पैसा र बाहुबली उपलब्ध गराउने गरेको तथ्य प्रकट भइसकेको थियो । त्यसरी उद्धार गरेको बदलामा उनीहरूले आफ्ना मान्छेलाई टिकट दिनु पर्ने र भ्रष्टाचार वा तस्करीजन्य कार्यविरूद्धको कारबाहीबाट पार्टीले

जोगाउनु पर्ने सर्त राख्ने गरेको चर्चा हुने गर्थ्यो । यसरी यो निर्वाचन प्रणालीसँग जोडिएर कुनै व्यक्तिले जिल्लाका पूरै निर्वाचन क्षेत्रको ठेक्का लिने एक प्रकारको ठेकेदारी प्रथा शुरू भइसकेको थियो । त्यसै गरी, दोस्रो संविधानसभामा प्रत्यक्षका लागि पार्टीका नेतालाई पैसा खुवाएर टिकट प्राप्त गर्नेदेखि लिएर निर्वाचनमा आफै लाखौं रूपियाँ खर्च गर्न सक्नेलाई मात्र पार्टीले टिकट दिने गरेको पाइयो । यसैको परिणाम यो निर्वाचनपछि चुनाव पनि हारेका र ऋणमा पनि डुबेकाहरूको कथाव्यथा मूलधारको सञ्चारमाध्यममा आए, जो उल्लेखनीय र अविस्मरणीय छ । यी सारा विसङ्गति र परिणतिको अन्तर्यमा मूलतः यही निर्वाचन प्रणाली नै थियो । यसैको उप-उत्पादन थियो ।

समग्रमा यो प्रणालीका नकारात्मक पक्ष उल्लेखनीय छन् । ती पक्ष हुन्ः

क) यो प्रणालीमा सामूहिकताको विपरीत सार अन्तर्निहित हुन्छ;

ख) यो व्यक्ति-केन्द्रित हुन्छ;

ग) यो सभ्रान्त वर्ग-मैत्री हुन्छ; र

घ) यो अल्पसङ्ख्यक मतदाताको बलमा बहुसङ्ख्यक जनतामाथि शासन गर्ने गरी परिकल्पना गरिएको हुन्छ ।

त्यसैले यो प्रणालीले राजनीतिलाई स्वभावतः सीमित व्यक्ति, जातजति, सभ्रान्त वर्ग र अल्सङ्ख्यक शासकहरूको पकडमा राख्न मद्दत गर्दछ । यसमा मतदाताको साम्प्रदायिक सोचाइले समेत असर गर्दछ । आफ्नो समुदायका जेजस्तो खालको व्यक्तिलाई पनि आँखा चिम्लेर समर्थन गर्ने प्रवृत्ति यस्तो प्रणालीमा देखिँदै आएको छ । एउटा निश्चित सङ्घर्ष वा आन्दोलनपछिको परिवर्तित राप-तापको माहौलमा दलित, गरिब, महिला र अन्य वञ्चितीकृत तथा सीमान्तकृत समूहका त्यागी, सङ्घर्षशील र क्षमतावान व्यक्तिहरूले एकाध क्षेत्रमा जिते पनि पछिल्ला निर्वाचनमा क्रमशः पाखा लाग्दै जाने अवस्था सिर्जना हुन्छ ।

दलितको सन्दर्भमा २०४६ सालको परिवर्तनपछि त्यसको नेतृत्वदायी भूमिका निर्वाह गर्ने नेपाली काङ्ग्रेसबाट एकजनाले जितेका थिए । त्यस्तै, २०६२/६३ सालको परिवर्तनपछि त्यसको मेरूदण्डको रुपमा रहेको जनयुद्ध हाँक्ने माओवादीबाट २०६४ सालमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा ७ जनाले जितेका

थिए । २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा नेकपा एमालेबाट २ जना दलित समुदायको उम्मेदवार मात्रै जित्न सफल भए । यी परिणामले यो प्रणालीअन्तर्गतको निर्वाचनमा समयक्रममा दलित समुदायका अत्यन्तै थोरै उम्मेदवारले मात्रै जित्ने वा जित्दै नजित्ने प्रवृत्तितर्फ सङ्केत गर्दछन् ।

यस्तो प्रवृत्ति दलितको सन्दर्भमा मात्रै होइन, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम र अन्य अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको जित–हारमा पनि देखिएको छ । जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र अन्य विविध जातजातीय आन्दोलनको राप–तापकै सेरोफेरोमा २०६४ सालमा भएको संविधानसभाको पहिलो निर्वाचनमा यो निर्वाचन प्रणालीअन्तर्गत सन्तोषजनक जित हासिल गरेका दलित, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम र अन्य सीमान्तकृत समुदायको अवस्था २०७० सालमा भएको संविधानसभाको दोस्रो निर्वाचनमा आइपुग्दा निकै खस्केको छ । र, आगामी निर्वाचनमा झनै खस्कने सम्भावना देखिन्छ । तर परम्परागत शासक समुदाय र वर्गको विजय–पराजयको सन्दर्भमा भने यसको ठिक विपरीत प्रवृत्ति देखिएको छ ।

२०१५ सालको पहिलो संसदीय आमनिर्वाचनदेखि २०७० सालमा भएको संविधानसभाको दोस्रो निर्वाचनसम्म आइपुग्दा जातीय तथा क्षेत्रीय दृष्टिले परम्परागत शासक जातहरूमा, विशेष गरी पहाडे मूलका बाहुन, क्षेत्री, ठकुरी; वर्गीय दृष्टिले सम्भ्रान्त वर्गका व्यक्तिहरूसँगै अन्य जातजाति र क्षेत्रका पनि, लैङ्गिक दृष्टिले मूलतः पुरूष यो प्रणालीबाट लाभान्वित हुँदै आएको इतिहाससिद्ध छ । त्यसैले नेपालमा भएका सबै आवधिक तथा तहगत निर्वाचनमा लगभग शतप्रतिशत तथा संविधानसभाका दुवै निर्वाचनमा समेत ४० प्रतिशत सिटमा यो प्रणाली अवलम्बन गरिनुको पछाडि तिनै लाभान्वित वर्ग, जातजाति, लिङ्ग र व्यक्तिवादीहरूको हात रहेको स्वतः स्पष्ट छ ।

अतः दलित समुदायका लागि यो प्रणाली पूर्ण रूपमा अनुपयुक्त छ । त्यसैले दलित समुदायलगायत अन्य बहिष्कृत तथा वञ्चितीकरणमा परेका जात, जाति, वर्ग, समुदाय, धर्म, लिङ्ग र क्षेत्रका हितको दृष्टिबाट हेर्दा यो प्रणाली पूर्ण रूपमा खारेज हुनु पर्दछ । तर नेपालको विशिष्ट भू–राजनीतिक अवस्था; नेपाली काङ्ग्रेसलगायत सामन्तवाद, उदार पुँजीवाद तथा व्यक्तिवादका पक्षधर दलहरूको सशक्त उपस्थिति र यस विचारलाई समर्थन गर्ने करिब ३५ देखि ४० प्रतिशत

मतदाताका कारण विद्यमान परिवेशमा यो प्रणालीलाई पूर्ण रूपमा खारेज गर्न सम्भव देखिँदैन । यो अवस्थामा पनि कतिपय विधिगत, प्रक्रियागत तथा कानुनी सुधारको माध्यमबाट यसको विद्यमान स्वरूपमा परिवर्तन गरी दलितलगायतका समुदायको प्रतिनिधित्व बढाउन सकिन्छ ।

## २.२ समानुपातिक निर्वाचन प्रणाली

समानुपातिक निर्वाचन प्रणाली (proportional representation system-PR) सामान्यतया सबै वर्ग, जात, जाति, समुदाय, भाषा, लिङ्ग, धर्म र क्षेत्रका जनताको समानुपातिक मतको प्रतिनिधित्व गराउन परिकल्पना गरिएको हो । यो प्रणालीको परिवारभित्र सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली तुलनात्मक रूपमा बढी प्रचलित र लोकप्रिय छ ।[३] सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीभित्र पनि पनि दलगत सूची, सामुदायिक/साम्प्रदायिक सूची, वैकल्पिक सूची, स्थिर सूची, केन्द्रीय सूची, क्षेत्रीय सूची, वर्गीय सूची, बन्द सूची र खुला सूची प्रणाली हुन्छन् । नेपालमा विगतमा भएमा दुवै संविधानसभाको निर्वाचनका जम्मा सिट सङ्ख्यामध्ये ३३५ (५६%) सिटमा केन्द्रीय दलगत सूचीमा सामुदायिक/साम्प्रदायिक सूची प्रणाली पनि मिसाइएको थियो ।

यो प्रणालीअनुसार सबै वर्ग, जात, जाति, समुदाय, भाषा, लिङ्ग, धर्म र क्षेत्रका मतदाताले राजनीतिक दलहरूलाई मतदान गर्ने प्रावधान थियो । र, दलहरूले आफूले पाएको जम्मा मतप्रतिशतका आधारमा प्राप्त सिट सङ्ख्याभित्र दलितलगायतका सामुदायिक/साम्प्रदायिक समानुपातिकता मिलाउनु पर्ने व्यवस्था थियो । यसको मतलब, मतचाहिं दलको नाउँमा माग्ने र सिट भने सामुदायिक/साम्प्रदायिक रूपमा वितरण गर्ने व्यवस्था थियो । यतिसम्म त ठिकै थियो । तर नेपालका दलहरूले गरेको अभ्यास भने मौलिक हुँदाहुँदै पनि जनमतलाई दुरुपयोग गर्ने खालको साबित भएको छ । किनभने, पहिले उम्मेदवारको सूची निर्वाचन आयोगमा दर्ता गर्ने (प्रथम सूची) र निर्वाचन सम्पन्न भएपछि आफ्नो दललाई प्राप्त सिट सङ्ख्यामा राजनीतिक दलको केन्द्रीय समितिले पुनः निर्वाचितहरूको सूची (दोस्रो सूची) निर्वाचन आयोगमा पठाउनु पर्ने प्रावधान राखियो ।

---

३ सन् २००४ सम्मको तथ्याङ्कअनुसार सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली ७० मुलुकमा अवलम्बन गरिएको छ (नेपाली श्रेष्ठ र अन्य २०६२ः ३४) ।

कतै प्रयोग नभएको दोहोरो सूची प्रणाली नेपालमा लागू गरिंदा अनेक अन्तर्विरोध प्रकट भएका छन् । निर्वाचनमा सबै प्रकारका नेता-कार्यकर्तालाई खटाउने र त्यसरी मत बटुली सकेपछि यो निर्वाचन प्रणालीको आधारभूत मान्यताविरूद्ध दलीय सत्ता/शक्तिको दुरूपयोग गर्दै अर्थवाद, नातावाद, चाकडीवाद र जात/जातिवाद र गुटवादको आधारमा आफ्ना मान्छे पठाउने जुन जुक्ति दलहरूले निकाले, त्यसमा राजनीतिक दलका सत्ताधारी समूह, परम्परागत शासक वर्ग, जात र लिङ्गका 'किङ्गमेकरहरू'को खुराफाती दिमागले काम गरेको थियो । संविधानसभाको दोस्रो निर्वाचनको समानुपातिक परिणामसम्म आइपुग्दा यस्तो प्रणाली र प्रवृत्ति पूरै उदाङ्गिएका छन् । किनभने, यही प्रणालीको आडमा समानुपातिक सभासद्को पदलाई लाखौँ-करोडौँको मूल्यमा विक्री गर्नेदेखि लिएर आफन्त र गुटका कार्यकर्तालाई वितरण गरिएको तथ्य र चर्चा बाहिर आएका थिए ।

विडम्बनाको कुरा, दोस्रो संविधानसभाको समानुपातिक प्रणालीतर्फको परिणामपछि जुन वर्ग, जात र लिङ्गका अधिकारीहरूले यो प्रणालीको दुरूपयोग गरे, त्यही वर्ग, जात र लिङ्गका कतिपय नेता तथा विद्धान्बाट यसको विरोध हुन थालेको छ । उनीहरूबाट समानुपातिक निर्वाचन प्रणाली नै बदनाम र असफल भएको प्रचार गर्न थालिएको छ । र, ऐतिहासिक रूपमै असफल भएको 'पहिलो हुने निर्वाचित हुने प्रणाली'लाई अकण्टक बनाउने प्रयास भइरहेको छ । यस्तो प्रयास समानुपातिक निर्वाचन प्रणालीभित्र घुसाइएको अर्थवाद, नातावाद, चाकडीवाद, जात/जातिवाद र गुटवादको असफलतालाई ढाकछोप गर्न चलाइएको प्रचार मात्रै हो ।

यो प्रणाली विशेषतः बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुसामुदायिक र अल्पसङ्ख्यकहरू भएको मुलुकमा उनीहरूको समानुपातिक वा उचित प्रतिनिधित्वका लागि अवलम्बन गरिंदै आएको पाइन्छ । यसमा सामूहिक प्रतिनिधित्वको सारको प्रचुरता रहेको हुन्छ । यसले गरिब तथा श्रमिक वर्गलाई समेत सामन्तवादी तथा पुँजीवादी राजनीतिमा टिकिरहन मद्दत गर्दछ । तर यसका लागि विगतका दुवै संविधानसभाको निर्वाचनमा अवलम्बन गरिएको केन्द्रीय, दलगत, खुला र दोहोरो सूची प्रणालीलाई खारेज गरिनु पर्दछ अनि क्षेत्रीय, वैकल्पिक, बन्दसूचीभित्र सामुदायिक/साम्प्रदायिक सूचीको समिश्रणबाट बनाइएको सूची प्रणाली अवलम्बन गरिनुपर्दछ ।

यो प्रणालीद्वारा राजनीतिक दलहरूले आ–आफ्ना सिद्धान्त, विचार, नीति र चरित्रअनुसार फरक फरक वर्ग, जात, जाति, लिङ्ग, धर्म, क्षेत्रका व्यक्तिहरूलाई उम्मेदवार बनाउन र निर्वाचित गराउन सक्छन् । यो प्रणालीअनुसार हुने निर्वाचनमा व्यक्ति नभएर पार्टीले चुनाव लड्नु पर्ने हुन्छ । त्यसैले एकातिर पार्टीका नीति तथा कार्यक्रम जनमुखी हुन जरूरी हुन्छ । अर्कोतिर, व्यक्तिसँग सत्ता, शक्ति, सम्पत्ति, बाहुबल र व्यक्तिगत लोकप्रियता हुनु वा नहुनुले मतदाताहरूलाई खासै असर पार्न सक्दैनन् । तर यो प्रणालीभित्र विगतमा देखिएका अर्थवाद, नातावाद, चाकडीवाद, जात/जातिवाद र गुटवादको नकारात्मक प्रभाव र अभ्यासबाट जोगाउने विधि, प्रक्रिया र कानुनको निर्माण गर्न चाहिं आवश्यक हुन्छ ।

दलित, महिला, लगायत सबै खाले वञ्चितीकृत तथा सीमान्तकृत वर्ग, जात, जाति, लिङ्ग, धर्मको हितको दृष्टिबाट विश्लेषण गर्दा राज्यका सबै तहका जनप्रतिनिधिमूलक निकायका शतप्रतिशत पद सङ्ख्यालाई नै सामुदायिक/साम्प्रदायिक समानुपातिकका आधारमा वितरण गर्ने प्रावधान हुनु पर्दछ र (सामुदायिक/साम्प्रदायिक समानुपातिक पदावलीभित्र जातीयता, लिङ्गीयता, वर्गीयता र क्षेत्रीयता पनि समेट्नु जरूरी हुन्छ । त्यसमा पनि सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुपर्दछ ।

यसो गरिएको खण्डमा दलितलगायत सबै वञ्चितीकृत वर्ग, जात, जाति, लिङ्ग, धर्म, क्षेत्र र समुदायका लागि यो प्रणाली नै सबैभन्दा उत्तम र प्रभावकारी हुन सक्छ । विभिन्न कार्यक्रममा दलित, महिलालगायतका वञ्चितीकृत तथा सीमान्तकृत समूह र समुदायका व्यक्तिहरूले आफ्ना भाषण तथा अभिव्यक्तिमा 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली'को माग गर्ने गरेको सुनिन्छ । तर सामान्यतया 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली' भन्ने हुँदैन । पूर्ण समानुपातिक त राज्य हुनु पर्दछ, जनप्रतिनिधिमूलक निकायलगायतका राज्यका अङ्ग, निकाय र क्षेत्रहरू हुनु पर्दछ । त्यसपछि मात्र निर्वाचन प्रणाली तथा अन्य भर्ना प्रणालीले विधि र प्रक्रियाको रूपमा राज्यको पूर्ण समानुपातिक नीतिलाई सहयोग गर्ने हो । त्यसो भएको खण्डमा यो निर्वाचन प्रणाली सबैभन्दा उत्तम प्रणाली हो । तर दलित समुदायको हितको दृष्टिबाट हेर्दा यसभित्र पनि विद्यमान केन्द्रीय, दलगत, खुला र दोहोरो सूची प्रणालीको सट्टा क्षेत्रीय, वैकल्पिक, बन्द र सामुदायिक/साम्प्रदायिक सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनु उचित हुने देखिन्छ ।

पहिलो र विद्यमान संविधानसभाबाट संविधानको अन्तर्वस्तु निर्माणको प्रक्रियामा जनप्रतिनिधिमूलक निकायलगायत राज्यका सबै क्षेत्र, अङ्ग र निकायलाई सामुदायिक हिसाबले पूर्ण समानुपातिक बनाउन तथा संविधानसभाबाट बन्ने संविधानले राज्यलाई पूर्ण समानुपातिक बनाउन सम्भव पनि छ । र, त्यसका लागि सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली उत्तम पनि हुन्छ । तर नेपालको विशिष्ट भू–राजनीतिक अवस्था, राजनीति दल तथा मतदाताहरूको विद्यमान वैचारिक पक्षधरताका कारण आगामी जनप्रतिनिधिमूलक निकायको शतप्रतिशत सिट सङ्ख्यामा यो प्रणाली अवलम्बन हुन सम्भव देखिँदैन । यसका साथै, यो प्रणालीमा राजनीतिक दल हावी हुने र व्यक्तिको नेतृत्व विकास नहुने, व्यक्तिगत लोकप्रियताको अर्थ नरहने र जनताले आफ्ना जनप्रतिनिधि नपाउने तर्कका आधारमा पनि सम्पूर्ण सिटमा यो प्रणाली लागू हुन नदिने स्पष्ट छ । यो आजको कटु यथार्थ हो ।

३.

# मिश्रित निर्वाचन प्रणाली र परिणाम विश्लेषण

नेपालमा सम्पन्न भएका संविधानसभाका दुवै निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली (mixed/parallel system) अवलम्बन गरिएको छ । त्यस प्रणालीभित्रको ४० प्रतिशत सिटमा एकल सदस्यीय निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने प्रणाली अँगालिएको थियो । त्यस्तै, ५६ प्रतिशत सिटमा केन्द्रीय, दलगत, खुला र दोहोरो सूची समानुपातिक प्रणाली तथा ४ प्रतिशत सिट मनोनीत गर्ने प्रणाली लागू गरिएको थियो ।

यसर्थ संविधानसभाका दुवै निर्वाचनमा प्रयुक्त निर्वाचन प्रणालीलाई प्रक्रियाका हिसाबले मिश्रित प्रणाली भनिए पनि परिणामका हिसाबले यो समानान्तर निर्वाचन प्रणाली हो । यो प्रणाली करिब दुई दर्जन देशमा अवलम्बन गरिएको छ ।[४] हुन त यसमा समानुपातिक प्रतिनिधित्व र बढीमत/बहुमत दुवै प्रणालीका तत्त्वहरू अन्तर्निहित रहेका छन् । त्यसो भएता पनि यस प्रणालीको समानुपातिक तत्त्वले बढीमत/बहुमतमा आधारित निर्वाचन क्षेत्रभित्रको कुनै अमिल्दो अनुपातबापत क्षतिपूर्ति दिँदैन र समग्र रूपमा समानुपातिकताको प्रत्याभूति पनि दिँदैन । त्यसैले यसलाई समानान्तर प्रणाली भनिएको हो । यसबाट अमिल्दो परिणामै आउँथ्यो र आयो पनि ।

४ मिश्रित वा समानान्तर निर्वाचन प्रणाली नेपालसहित अण्डोरा, अर्मेनिया, अजरबैजान, जर्जिया, गिनी, जापान, काजखस्तान, गणतन्त्र कोरिया, लिथुआनिया, मोनाको, पाकिस्तान, फिलिपिन्स, रूस, सेनेगल, सेसेल्स, ताइवान, ताजिकिस्तान, थाइल्याण्ड, टिमोर लेस्त, ट्युनिसिया र युक्रेनलगायत २२ मुलुक रहेका छन् (नेपाली श्रेष्ठ र अन्य २०६२ः १३१) ।

हुन त मनोनीतका लागि छुट्याइएको २६ (४%) सिट सङ्ख्याबाट समानान्तर प्रणालीबाट आएको अमिल्दो परिणामलाई सच्च्याउने वा क्षतिपूर्ति गर्ने अवसर रहेको देखिन्छ । तर पनि त्यस अवसरलाई सही अर्थमा उपयोग गरिएन । किनभने पहिलो संविधानसभामा २६ मध्ये दलित समुदायबाट १ जना पनि मनोनीत गरिएन । परिणामस्वरूप पहिलो संविधानसभामा दलित समुदायका ५० जना अर्थात ८.३१% प्रतिनिधित्व रहेको थियो, जो दलित समुदायको हालको जनसङ्ख्या अनुपात १३.२१% (समानुपातिक) का लागि ४.९% अल्प प्रतिनिधित्व (under representation) थियो । मिश्रित निर्वाचन प्रणालीबाट यति अमिल्दो परिणाम निस्केको देख्दादेख्दै पनि २६ जनाको मनोनयन सिटबाट त्यसको क्षतिपूर्ति गरिएन । त्यसो हुनुको मूल कमजोरी निर्वाचन प्रणालीको भन्दा पनि संविधानसभालाई सामुदायिक हिसाबले पूर्ण समानुपातिक नबनाउने नियतमा रहेको थियो ।

त्यसै गरी, दोस्रो संविधानसभामा दलित समुदायका ४१ जना (६.८२%) को प्रतिनिधित्व रहेको छ । यो पहिलो संविधानसभाको भन्दा १.४८ र दलित समुदायको हालको जनसङ्ख्या अनुपात १३.२१% को भन्दा ६.३८ प्रतिशत अल्प प्रतिनिधित्व हो । यसरी दलित पहिलोभन्दा दोस्रो संविधानसभामा दलित समुदायको अल्प प्रतिनिधित्वको प्रवृत्ति अझ गहिरिंदो देखिन्छ । यो प्रवृत्ति दलितमा मात्र होइन, सबै सीमान्तकृत समूहमा समान रूपमा लागू भएको छ । महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम र लैङ्गिक अल्पसङ्ख्यक पनि यो प्रवृत्तिको शिकार भएका छन् ।

यसरी दुवै संविधानसभामा दलित समुदायको समानुपातिक परिमाण नआउनुको मूल कारण संविधानसभालाई जातीय, सामुदायिक र लैङ्गिक हिसाबले पूर्ण समानुपातिक नबनाइनु थियो भने सहायक कारण विद्यमान रूपमा मिश्रित र सारमा समानान्तर निर्वाचन प्रणाली नै थियो । यसका साथै, नेपालको अन्तरिम संविधानको धारा ६३(३)(क) तथा संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४/२०७० को दफा ३(क) बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम छुट्याइएको निर्वाचन क्षेत्रको निर्वाचनमा राजनीतिक दलहरूले गर्ने उम्मेदवार चयनको दोष पनि देखिन्छ । त्यसरी उम्मेदवार चयन गरिंदा संविधानको धारा ६३(४) र ऐनको दफा ५(३) बमोजिम पर्याप्त रूपमा दलित उम्मेदवार उठाइँदैन । संविधानको धारा ६३(३)(ग) तथा ऐनको दफा ३(ग) बमोजिम २६ जनाको मनोनीत गर्दा पनि दलित समुदायबाट एक जना पनि मनोनीत गरिंदैन । त्यस्तै, संविधानको धारा ६३(५) र ऐनको दफा ७(४) मा जसरी महिलाका लागि ३३ प्रतिशत न्यूनतम उम्मेदवारीको

'थ्रेसहोल्ड'को व्यवस्था छ, दलितको सन्दर्भमा त्यस्तो व्यवस्था छैन । यी अन्य थप कारण थिए (किसान २०७०क) ।[५]

यसका साथै, थप कानुनी प्रावधानको दोष पनि उल्लेखनीय छ । समानुपातिकतर्फ ३० प्रतिशतभन्दा कम उम्मेदवार सूचीकृत गर्ने राजनीतिक दलहरूले दलितको समानुपातिक प्रतिनिधित्व नगराए पनि हुने प्रावधान ऐनको दफा ७/१५ मा रहेको छ । तीस प्रतिशतभन्दा बढी उम्मेदवार सूचीकृत गर्ने दलहरूले पनि आफूले प्राप्त सिट सङ्ख्याबाट निर्वाचितहरूको अन्तिम नामावली पठाउँदा दलितको समानुपातिकतामा १० प्रतिशत तलमाथि भए पनि मान्य हुने व्यवस्था ऐनको दफा ७/९ र १२ मा छ । समानुपातिकमा १ सिट मात्रै प्राप्त गर्ने राजनीतिक दलले कसैलाई पनि समावेशीकरण गर्नु नपर्ने प्रावधान ऐनको दफा ७/१५ मा छ । यस्ता कानुनी व्यवस्था पनि संविधानसभामा दलित समुदायको समानुपातिक परिमाण नआउनुका थप कारण थिए (किसान २०७०ख) ।

यी र यस्ता कानुनी व्यवस्था समग्र निर्वाचन प्रणालीको अन्तर्वस्तुलाई नै अङ्गभङ्ग गर्ने 'कानुनी खेल' (rule of game) थिए । यस्तो झेली खेलबारे दलित आन्दोलनभित्र समयमै सचेत बहस हुन सकेन । त्यसकै परिणामस्वरूप यस्ता कानुनी प्रावधानबारे दलित आन्दोलनबाट समयमै प्रतिरोध हुन सकेन । आगामी दिनमा निर्वाचन प्रणालीबारे बहस गर्दा प्रणालीको अन्तर्वस्तु नै भत्काउने गरी घुसाइने यस्ता यावत् कानुनी खेलबारे समेत सचेत हुन र प्रतिरोध गर्न आवश्यक देखिन्छ ।

संविधानसभाका दुवै निर्वाचनमा अवलम्बन गरिएको यो मिश्रित/समानान्तर निर्वाचन प्रणालीको पछिल्लो परिणामले परम्परागत शासक वर्ग, जातजाति, लिङ्ग र क्षेत्रको बढ्दो प्रवृत्ति र दलित, महिलालगायत सबै वञ्चितीकृत तथा सीमान्तकृत समुदायको घट्दो प्रवृत्तिको सङ्केत गर्दछ । उपरोक्त कानुनी व्यवस्थामा कुनै दलितमुखी सुधार नगरीकन यही प्रणालीअनुरूप आगामी दिनमा निर्वाचन भएमा यो प्रवृत्ति अझै तीव्रतर हुने र यसलाई रोक्न सकिने कुनै उपाय देखिँदैन । यसर्थ, विद्यमान रूप र सार भएको मिश्रित निर्वाचन प्रणाली दलित समुदायको हितको दृष्टिबाट उचित छैन ।

---

५ अन्तर्राष्ट्रिय दलित विकास मञ्च नेपालद्वारा २०७० जेष्ठ ३१ गते काठमाडौंमा आयोजित 'वर्तमान राजनीतिक अवस्था, आगामी निर्वाचन र दलित' विषयक कार्यक्रममा यामबहादुर किसानद्वारा प्रस्तुत 'वर्तमान राजनीतिक अवस्थामा संविधानसभाको निर्वाचन र दलित प्रतिनिधित्व' कार्यपत्र ।

४.

# दलित आन्दोलनभित्र दलित–मैत्री निर्वाचन प्रणालीबारे बहस

नेपाली दलित आन्दोलनमा निर्वाचन प्रणालीबारे यदाकदा चिन्ता गर्ने गरिए पनि चिन्तन गर्ने प्रवृत्ति छैन । यसैको परिणामस्वरूप निर्वाचन प्रणाली, यसभित्रका यावत् राजनीतिक तथा कानुनी खेल र गाम्भीर्यताबारे पर्याप्त ध्यान पुग्न सकेको छैन । गम्भीर चासो र बहस हुन सकेको छैन । त्यति मात्रै होइन, प्रमुख राजनीतिक दलहरू पहिलो संविधानसभाको शासकीय स्वरूप निर्धारण समितिमा आफूद्वारा प्रस्तावित प्रणालीबाट पछाडि हटेर विद्यमान मिश्रित (समानान्तर) निर्वाचन प्रणालीमा एकमत भइसक्दा पनि चासो र बहस सघन भएको छैन । यस्तो अवस्थामा पनि दलित भातृ सङ्गठनहरू र संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिका कतिपय सदस्यमा आ–आफ्ना राजनीतिक दलद्वारा प्रस्तावित अवधारणा वा आफूलाई लागेको विचार बोल्ने र आ–आफ्ना घर फर्कने प्रवृत्ति हटेको छैन । कतिपयलाई त आफ्नो दलले पुरानो अडान छाडी सक्यो भन्ने थाहा समेत छैन ।

यसबाट के स्पष्ट हुन्छ भने राजनीतिक दलहरू अघिल्लो संविधानसभामा आफूहरूबाट प्रस्तावित निर्वाचन प्रणालीबाट आफ्नो जातीय तथा वर्गीय स्वार्थमा धक्का पुग्ने निष्कर्षमा पुगेको र त्यसलाई सच्याउन पछाडि हटेको सहजै बुझ्न सकिन्छ । तर तिनै दलका दलित अगुवाहरूमा भने आफ्नो हितको कुनै विश्लेषणबिना छेपारोले झिक्रो समाएझैं पार्टीले प्रस्ताव गरेको नाउँमा चुपचाप बोकेर हिंड्ने प्रवृत्ति छ । र, दलित समुदायको दीर्घकालीन हितको परिप्रेक्ष्यमा नयाँ–पुराना प्रस्ताव के

कति उपयोगी छन् वा छैनन् भन्ने विचारै नगरी ठाडो नक्कल गर्ने प्रवृत्ति पनि उनीहरूमा छ । यी दुवै प्रवृत्ति दलित आन्दोलनका लागि मात्रै होइन, समग्र लोकतान्त्रिक अभियानका लागि घातक छ । यति हुँदाहुँदै पनि पछिल्ला दिनमा दलित समुदाय-मैत्री निर्वाचन प्रणालीबारे सामान्य चासो दिइन थालेको छ । यसबारे यहाँ थप छलफल गरिने छ ।

## ४.१ बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली (एकमुष्ट मत प्रणाली)

बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली वा एकमुष्ट प्रणाली (block vote system) पहिलो संविधानसभाको राज्यको शासकीय स्वरूप निर्धारण समितिमा एकीकृत नेकपा (माओवादी) ले प्रस्ताव गरेको प्रणाली थियो । यसले समितिमा बहुमत होइन, सबैभन्दा बढी १८ मत प्राप्त गरेको थियो । उसले प्रस्ताव गरेको निर्वाचन प्रणालीका विशेषता हुन्ः

क) व्यवस्थापिकाका ९० प्रतिशत सदस्य कानुनमा व्यवस्था भएबमोजिम बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणालीअनुरूप निर्वाचित हुने;

ख) बहुसदस्यीय निर्वाचन क्षेत्रहरू रहने;

ग) राजनीतिक दलहरूले समानुपातिक समावेसी सिद्धान्तको आधारमा सामुदायिक उम्मेदवार उठाउनु पर्ने;

घ) सदस्यहरूको सङ्ख्या निर्धारण निर्वाचन क्षेत्रको जनसङ्ख्या, भूगोल, आर्थिक सामाजिक विशेषताका आधारमा हुने;

ङ) मतदाताले उम्मेदवारको सङ्ख्याको आधारमा मतदान गर्ने ।[६]

विभिन्न मुलुकमा अवलम्बन गरिएको[७] यस प्रणालीका अन्य विशेषतामा हुन्ः

---

६ राज्यको शासकीय स्वरूप निर्धारण समिति अवधारणापत्र र व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ को प्रस्तावित धारा ८ ।

७ सन् २००४ सम्मको तथ्याङ्कअनुसार एकमुष्ट मत प्रणाली केम्यान द्वीप, फकल्याण्ड द्वीपहरू, गुएर्नसी, मौरिसस, कुवेत, लाओस, लेबनान, माल्दिभ्स, प्यालेस्टाइन, सिरियाली अरब गणतन्त्र, टोङ्गा तथा तुभालु, जोर्डन, मङ्गोलिया, फिलिपिन्स र थाइल्याड (हाल खारेज गरिएको) लगायत १५ मुलुकमा अवलम्बन गरिएको छ (नेपाली श्रेष्ठ र अन्य २०६२ः ३४, ४९-५०) ।

क) बहुसदस्यीय निर्वाचन क्षेत्रमा बढीमत बहुमत प्रणालीको प्रयोग हुने;

ख) निर्वाचन क्षेत्रबाट जति स्थान निर्वाचन गर्नु पर्ने हुन्छ, त्यति नै मत हाल्नु पर्ने;

ग) कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरू विजयी हुने;

ङ) मतदाताहरू दलगत उम्मेदवार र वैयक्तिक उम्मेदवारहरूलाई मतदान गर्न स्वतन्त्र हुने;

च) मतदाताहरूले दलहरूलाई भन्दा उम्मेदवारहरूलाई मतदान गर्ने;

छ) मतदातहरूले आफ्नो इच्छानुसार बढी वा घटी मतदान गर्न सक्ने (नेपाली श्रेष्ठ र अन्य २०६२: ४९) ।

संविधानसभाको निर्वाचनअघि सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीको पक्षमा वकालत गर्दै तत्कालीन अन्तरिम सरकारबाट समेत बाहिरिएको एमाओवादीकै जोडबलमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको थियो । तर पहिलो संविधानसभाको निर्वाचनमा पहिलो दल बनेको पार्टीले त्यसको केही वर्षभित्रै किन बहुमतीय निर्वाचन प्रणालीको पक्षमा प्रस्ताव पेस गऱ्यो भन्ने विषय गम्भीर छ । विशेष गरी दलित, किसान र मजदुर वर्ग, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको पक्षमा वकालत गर्दै आएको दलले यो प्रणालीबाट उनीहरूको हित हुन सक्छ कि सक्दैन भनेर गम्भीर विश्लेषण नगरेको देखिन्छ । यो प्रस्तावको पछाडि तत्कालीन परिवेशमा एमाओवादीका दुई वटा उद्देश्य निहित रहेको देखिन्छः

पहिलो, संविधानसभामा प्रत्यक्षतर्फबाट एकल बहुमत सिट जितेको, तर समानुपातिकका कारण एकल बहुमतको सरकार बनाउन नपाएको झोंकमा पुनः आफ्नो पार्टीले प्रत्यक्षतर्फबाट बहुमत जित्न सक्ने आन्तरिक अति मूल्याङ्कन गरिनु;

दोस्रो, दलितलगायतका सबै जात, जाति, समुदाय, लिङ्ग र धर्मको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने इच्छा नरहनु ।

एमाओवादीका आन्तरिक मूल्याङ्कन, उद्देश्य र कारण जेसुकै भए पनि यो प्रणालीबाट गरीखाने वर्गको प्रतिनिधित्व हुन सक्दैन भन्ने कुरा नबुझ्नु वा बेवास्ता गर्नु त्यस दलको सैद्धान्तिक भूल हो । पहिलो संविधानसभा अन्त्यतिर र दोस्रो संविधानसभाको निर्वाचनको तयारीसम्म आइपुग्दा एमाओवादी यो प्रस्तावबाट पछाडि हटिसकेको भए पनि यसको दलित भातृ सङ्गठनका नेता-कार्यकर्ता र नेकपा-

माओवादी समर्थक दलित भातृ सङ्गठनका अगुवाहरूले यो प्रणालीको समर्थन गर्दै आएका छन् ।[८] जबकि पहिलो संविधानसभाको विघटन र दोस्रो संविधानसभाको निर्वाचनको सन्निकटमा प्रमुख दलहरू प्रत्यक्षतर्फको सिट बढी र समानुपातिक तर्फको सिट घटी गरेर विद्यमान मिश्रित निर्वाचन प्रणाली जाने सहमत भइसकेका थिए, त्यसमा एमाओवादीको समेत समर्थन रहेको थियो ।

त्यसो त दलित समुदायको समानुपातिक प्रतिनिधित्वको हिसाबले मात्रै हेर्दा यो प्रणाली पनि उचित देखिन्छ । तर यसका लागि पनि पहिला राज्यका सबै जनप्रतिनिधिमूलक निकाय पूर्ण समानुपातिक हुने संवैधानिक व्यवस्था हुनु पर्दछ । त्यसपछि मात्र यो प्रणालीको प्रयोग गर्ने हो । त्यसमा पनि ध्यान दिनु पर्ने कुरा के छ भने यसले जातीय वा लैङ्गिक समूहको समानुपातिक भौतिक प्रतिनिधित्व सुनिश्चित गरे पनि हुँदाखाने वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गर्दैन । किनभने यो फेरि पनि बहुमतीय (पहिलो हुने निर्वाचित हुने) निर्वाचन प्रणाली नै हो, जसबाट जुनसुकै जात, जाति, लिङ्ग, धर्म र समुदायको भए पनि हुनेखाने वर्गकै व्यक्ति निर्वाचित हुने सम्भावना बढी रहन्छ । त्यसैले उद्देश्य राम्रै भए पनि आफूलाई किसान–मजदुर वर्गको अग्रदस्ता दाबी गर्ने राजनीतिक दलले वर्गीय प्रतिनिधित्वप्रति ख्याल नगर्नु प्रकारान्तरमा सैद्धान्तिक विचलन हो । किनभने यो निर्वाचन प्रणालीअनुसार दलित समुदायका पनि सीमित हुनेखाने वर्गका उम्मेदवार निर्वाचित हुने र गरीखाने वर्गका उम्मेदवार पराजित हुने सम्भावना रहन्छ ।

बहुमतीय प्रत्यक्ष निर्वाचन प्रणाली आफैमा व्यक्ति–केन्द्रित र सभ्रान्त वर्गको पक्षपोषण गर्ने निर्वाचन प्रणाली भएकाले यो प्रणाली दलित समुदायका सन्दर्भमा पनि शहरीया, शिक्षित र हुनेखाने वर्गकै लागि उपयोगी हुन्छ । यो एकल सदस्यीय निर्वाचनक्षेत्र आरक्षण गरेझैं हो, जहाँ दलित मतदाताको मत बाँडिन्छ र गैरदलितको मत निर्णायक हुन्छ । त्यसैले त्यस्तो आरक्षित क्षेत्रमा दलितमुखी उम्मेदवार पराजित हुने र गैरदलितमुखी उम्मेदवार विजयी हुने सम्भावना बढी रहन्छ ।

एकल सदस्यीय निर्वाचन क्षेत्र आरक्षण प्रणालीमा उम्मेदवारको समय, स्रोत र श्रम कम खर्च हुन्छ भने बहुसदस्यीय निर्वाचन क्षेत्र समानुपातिक गर्दा त्यसको ठिक उल्टो अवस्था हुन्छ । त्यस्तो क्षेत्रमा गरीखाने वर्गका दलित उम्मेदवारले जित्ने

---

८ यसका साथै, कतिपय अन्य दल समर्थक र नागरिक समाजका व्यक्ति तथा सङ्घसंस्थाले समेत यो प्रणालीको समर्थन गर्ने गरेका छन् (विश्वकर्मा २०६९: ६५) ।

सम्भावना थप न्यून बन्दछ । तर दलित समुदायले चाहेको त दलित नाम, थर र अनुहार भएको व्यक्तिको मात्रै प्रतिनिधित्व पक्कै होइन, समग्र दलित समुदायको प्रतिनिधित्व नै हो । त्यसैले आजको दिनमा दलितको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने भए पनि नेपालका अधिकांश दलितको आर्थिक अवस्था कमजोर भएको परिप्रेक्षमा गरीखाने वर्गको प्रतिनिधित्वका लागि यो निर्वाचन प्रणाली सही छैन ।

## ४.२ मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली

मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (Mixed-Member Proportional Representation System- MMPR) बारे पहिलो संविधानसभाको शासकीय स्वरूप निर्धारण समितिमा नेपाली काङ्ग्रेस र नेकपा एमालेलगायतका राजनीतिक दलले प्रस्ताव गरेका थिए र समितिमा यो प्रस्तावले १६ मत प्राप्त गरेको थियो । पछिल्लो समयमा सकेसम्म पूर्ण रूपमा पहिलो हुने निर्वाचित हुने प्रणालीमा फर्कने, नभए पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको सिट प्रतिशत बढी र समानुपातिकतर्फको सिट प्रतिशत कम गरेर विद्यमान मिश्रित/समानान्तर निर्वाचन प्रणालीमा पश्चगामी सुधार गरेर निरन्तरता दिने उपक्रममा लागेका दलहरूले त्यो समितिमा किन यो प्रणालीको प्रस्ताव गरे भन्ने विषय भने बुझ्नीनसक्नुको छ । किनभने विद्यमान मिश्रित प्रणाली र एकमुष्ट प्रणालीभन्दा यो प्रणाली तुलनात्मक रूपमा उत्तम छ ।

जनप्रतिनिधिमूलक निकायलाई पूर्ण समानुपातिक बनाएको अवस्थामा यो प्रणालीले सामुदायिक समानुपातिकताका साथै गरीखाने वर्गको प्रतिनिधित्वको समेत आधार प्रदान गर्दछ । यी काम गर्नु उपरोक्त दुवै दलको अभीष्ट होइन भन्ने तथ्य उनीहरूका पछिल्ला उपक्रमले पुष्टि गर्दछन् । त्यसैले यो एमाओवादीले प्रक्षेपण गरेको एकमुष्ट मत प्रणालीलाई परास्त गर्ने हतियारको रूपमा मात्र प्रस्ताव गरिएको थियो भन्दा सही विश्लेषण होला, जसले दुवै प्रणालीलाई निष्क्रिय गरेको तथ्य जगजाहेर छ ।

कतिपय पुँजीवादी तथा समाजवादी मुलुकमा अवलम्बन गरिएको यो निर्वाचन प्रणालीका[९] विशेषता यहाँ उल्लेखनीय छन्:

९ सन् २००४ को तथ्याङ्कअनुसार मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अल्बानिया, बोलिभिया, जर्मनी, हङ्गेरी, इटाली, लेसोथो, मेक्सिको, न्युजील्याण्ड र भेनेजुयलाजस्ता ९ वटा मुलुकमा अवलम्बन गरिएको छ (नेपाली श्रेष्ठ २०६२) ।

क) ५० प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुरूप निर्वाचित हुने ।

ख) ५० प्रतिशत सदस्य सिङ्गो प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य समुदायबाट सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीअनुरूप निर्वाचित हुने । तर यसबाट निर्वाचित हुँदा निर्वाचन परिणामको अमिल्दो अनुपातबापत क्षतिपूर्ति हुने गरी सदस्यहरू निर्वाचित हुने प्रस्ताव गरिएको थियो ।[१०] यो अत्यन्तै सकारात्मक कुरा थियो । यस प्रणालीका अन्य विशेषता हुन्ः एक) दलगत र सामुदायिक मिश्रित सदस्य समानुपातिक हुन सक्ने; दुई) पहिलो हुने निर्वाचित हुने । तीन) राष्ट्रिय सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र थप क्षतिपूर्तिका स्थान छुट्याउन सकिने वा पहिलो हुने निर्वाचित हुने र क्षतिपूर्तिको मात्रै व्यवस्था पनि गर्न सकिने (नेपाली श्रेष्ठ र अन्य २०६२ः १०६-१०७) ।

यो पहिलो हुने निर्वाचित हुने, सूचीमा आधारित समानुपातिक र क्षतिपूर्ति गरी तीन वटा तत्त्वलाई मिलाएर बनाइएको निर्वाचन प्रणाली हो । त्यसैले यो प्रणालीले निर्वाचन क्षेत्र तथा व्यक्तिको प्रतिनिधित्व पनि गराउँछ र श्रेष्ठता पनि नाप्छ । यसले जातीय, लैङ्गिक, सामुदायिक र अल्पसङ्ख्यकको प्रतिनिधित्व पनि गराउँछ । र, वर्गीय प्रतिनिधित्वको समेत आधार प्रदान गछ । त्यस्तै, यसले प्रत्यक्ष निर्वाचन क्षेत्रको स्थानको परिणामले पैदा गरेको अमिल्दो अनुपातको क्षतिपूर्ति पनि गर्दछ । अतः यसमा अन्तर्निहित तीन तत्त्व तथा नेपालको विद्यमान दलीय राजनीतिक तथा वैचारिक पक्षधरता, जातीय तथा साम्प्रदायिक बनोट र दलित समुदायको कमजोर आर्थिक अवस्थालगायतका कारण आजको दिनमा यो नै सर्वोत्तम निर्वाचन प्रणाली हो । दलितको सन्दर्भमा मात्रै होइन, यो सम्पूर्ण वञ्चितीकृत तथा सीमान्तकृत समूहका लागि नै सर्वोत्तम प्रणाली हो । सामूहिक पहल भएमा यसको संवैधानिक प्रभ्याभूत गर्न सम्भव पनि छ ।

---

१० राज्यको शासकीय स्वरूप निर्धारण समिति अवधारणापत्र र व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ को प्रस्तावित धारा ८ ।

## ४.३ निर्वाचन क्षेत्र आरक्षण प्रणाली

पछिल्लो समयमा दलित समुदायमा लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत एकल सदस्यीय निर्वाचन क्षेत्र आरक्षण गर्नु पर्ने आवाज उठ्न थालेको छ ।[११] पहिलो संविधानसभाको विघटनको र दोस्रो संविधानसभाको निर्वाचनको सन्निकटमा विशेष गरी दलित र महिला अधिकारवादीहरूले यो आवाजलाई मुखरित गरेका थिए । यद्यपि पहिलो संविधानसभा संविधान जारी नगरी विघटन भएको र दोस्रो संविधानसभाको निर्वाचन पहिलेको जस्तै मिश्रित प्रणालीअनुसार भएकाले यो मागअनुसारको नीति बन्न र कार्यान्वयन हुन सकेन । तर दोस्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्ष निर्वाचनमा दलितहरूको हारको अनुपात बढेपछि दोस्रो संविधानसभाभित्र पुनः यो मागको औचित्य बढ्न थाल्यो । यसको पक्षमा स्वाभाविक रूपमा दोस्रो संविधानसभामा बढी प्रतिनिधित्व गर्ने नेपाली काङ्ग्रेस र नेकपा एमाले समर्थक दलित नेताहरूले अगुवाइ गरेको तथा एमाओवादी र अन्य दल समर्थक दलित समुदायका सभासद्हरूले समेत 'यही भए पनि ठिकै छ' भन्ने अर्थमा समर्थन गरेको देखिन्छ । उदाहरणको रूपमा नेपाल कानुन समाजको सहजीकरणमा तयार गरिएको 'संविधानमा समेटिनु पर्ने दलित समुदायसम्बन्धी प्रावधानहरू' नामक पुस्तिकामा उल्लेख गरिएको छ, "प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष निर्वाचनमा राजनीतिक दलले जनसङ्ख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदाय समेतबाट समानुपातिक रूपमा निर्वाचित हुने गरी निर्वाचन क्षेत्र आरक्षण गर्नेछ ।"[१२] नेपाली काङ्ग्रेस र एमालेलगायतका प्रमुख सत्ताधारी दलहरूले संविधानसभाको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गरेको साझा अवधारणाले खुलेर निर्वाचन क्षेत्र आरक्षणको व्यवस्था

---

११ अफगानिस्तान, युगान्डा र रूआन्डा (महिलाका लागि), कोलम्बिया (अश्वेत समुदाय), क्रोएसिया (हङ्गेरियाली, इटाली, चेक, स्लोभाक, युक्रेनी, जर्मन तथा अष्ट्रियाली अल्पसङ्ख्यकहरू), भारत (अनुसूचित जाति तथा जात र स्थानीयमा महिलाका लागि सिट तथा पद आरक्षण), जोर्डन (क्रिश्चियन तथा सर्कासियाली), नाइजर (तुआरेग), न्युजील्याण्ड (माओरी), पाकिस्तान (गैरमुस्लिम अल्पसङ्ख्यक), प्यालेस्टाइन (क्रिश्चियन तथा समारीतानी), समाओ (गैर-आदीवासी अल्पसङ्ख्यकहरू), स्लोभेनीया (हङ्गेरियाली तथा इटाली) तथा ताइवान (आदिवासी समुदाय), लेबनान र फिजीमा यो व्यवस्था छ । भारतको लोकसभामा ७९ र विभिन्न राज्यका विधानसभामा ४४० सिट (निर्वाचन क्षेत्र) आरक्षण गरिएका छन् (नेपाली श्रेष्ठ र अन्य २०६२:१८८-१९५) ।

१२ संविधानमा समेटिनुपर्ने दलित समुदायसम्बन्धी प्रावधानहरू । काठमाडौं : संविधानसभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सभासदहरू । २०७१ । पृ. १५ ।

नगरे पनि "१६५ सदस्यीय प्रतिनिधिसभाको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट गरिने र... महिला, दलित र अल्पसङ्ख्यकको उचित प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिने"[१३] प्रस्ताव गरी यो वा त्यो रूपमा समानुपातिक होइन, सीमित निर्वाचन क्षेत्र आरक्षण गर्नेतर्फ सङ्केत गरेको देखिन्छ ।

पहिलो संविधानसभाको शासकीय स्वरूप समितिमा आफ्ना दलद्वारा प्रस्तावित मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीको सट्टा निर्वाचन क्षेत्र आरक्षणको पक्षमा उभिनुमा उनीहरूको राजनीतिक/वैचारिक लाइन र वर्ग पक्षधरताले काम गरेको हुनु पर्छ । यसका साथै यो प्रणालीमा आफ्नो निर्वाचन क्षेत्र हुने, निर्वाचन क्षेत्रका जनताहरूसँगको प्रत्यक्ष सम्बन्ध रहने र जनमतद्वारा आफ्नो व्यक्तित्वको श्रेष्ठता पनि मापन हुने हुनाले उनीहरूमा अन्तर्निहित व्यक्तिवादी महत्त्वाकाङ्क्षाले पनि काम गरेको हुन सक्छ । विशेष गरी दोस्रो संविधानसभाको पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गतको निर्वाचन परिणाम हेरेपछि भने अन्य दल समर्थक दलित अगुवा, दलित नागरिक समाजका अगुवा, महिलाहरू र गैरदलितहरू समेत यसको पक्षमा उभिन थालेका छन् । यो प्रणालीले प्रत्यक्षतर्फ दलितलगायत सम्बन्धित समूहको उम्मेदवारीको मात्रै नभएर जित्ने समेत सुनिश्चितता प्रदान गर्ने भएकाले आफ्नो सिट सुरक्षित हुने देखेर पनि दलको केन्द्रीय तहमा पुगेका नेताहरूमा यो प्रणालीप्रतिको आकर्षण बढेको हुनु पर्छ । जे भए पनि यो प्रणालीले दलित समुदायमा दीर्घकालीन रूपमा पार्न सक्ने सकारात्मक वा नकारात्मक असरबारे पर्याप्त बहस हुन सकेको छैन ।

छिमेकी मुलुक भारतमा चक्रीय रूपमा निर्वाचन क्षेत्र परिवर्तन हुने गरी लोकसभामा ७९ वटा तथा विधानसभामा दलित र आदिवासीका लागि एकल सदस्यीय निर्वाचन क्षेत्र आरक्षण प्रणाली अवलम्बन गरिएको छ भने उनीहरूकै लागि स्थानीय निकायको अध्यक्ष पद पनि आरक्षण गरिएको छ (किसान २०६८ः ५९-६१) । भारतमा यो प्रणालीको प्रारम्भ सन् १९३२ को 'पुना सम्झौता' (poona pact, 1932) मै तयार गरिएको थियो । सन् १९४७ मा भारत स्वतन्त्र भइसकेपछिको संविधानले पनि त्यसलाई परिमार्जित र अझै व्यापक रूपमा संवैधानिक प्रत्याभूत गरेको थियो । भारतका दलित (अनुसूचित जाति) समुदायका लागि लोकसभामा ७९ वटा सिटसँगै

१३ संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ले संयुक्त रूपमा प्रस्तुत गरेको संविधानका अन्तर्वस्तुसम्बन्धी अवधारणा प्रस्तुत गरिएकोबारे । बुँदा ६.१ । पृ. ६ ।

विभिन्न राज्यका विधानसभामा गरी जम्मा ४४० सिट आरक्षण गरी त्यसका लागि निर्वाचन क्षेत्र आरक्षण गरिएका छन् (नेपाली श्रेष्ठ र अन्य २०६२) । तर तर आजका दिनमा यो प्रणालीद्वारा निर्वाचित दलित विधायकहरूले समग्र भारत र आ–आफ्ना निर्वाचन क्षेत्रका दलित समुदायका हक-हितको प्रतिनिधित्व गर्न नसकेको व्यापक गुनासो छ । विशेष गरी यस्ता आरक्षित निर्वाचन क्षेत्रका दलित मतदाताहरूको मत बाँडिन्छ र विजयी हुन गैरदलित समुदायको मत निर्णायक हुन्छ । त्यसरी निर्वाचन जित्ने उम्मेदवारहरूले रूपमा दलितको र सारमा गैरदलितको प्रतिनिधित्व गर्ने कुरा प्रस्टै देखिन्छ ।

यथार्थमा उनीहरूले आफ्नो क्षेत्र होस् वा अन्यत्र, दलित समुदायउपर हुने अत्याचारको विरोधमा अथवा अधिकारको पक्षमा कदम चाल्न सक्दैनन् । त्यसैले पछिल्ला दिनमा भारतमा दलित समुदायबाट समानुपातिक निर्वाचन प्रणालीको पक्षमा बहस र अभियान सञ्चालन हुन थालेको छ । सायद यस्तै परिणामको पूर्वालोकन गर्दै डा. भीमराव अम्बेडकरले दलितका लागि निर्वाचन क्षेत्र आरक्षणका साथै पृथक् निर्वाचक मण्डल (separate electorate) र दोहोरो मताधिकार (dual voting rights) को माग राखेका थिए । पृथक् निर्वाचक मण्डल र दोहोरो मताधिकारको प्रणालीमा उम्मेदवारहरू र मतदाताहरू दुवै दलित समुदायका मात्र हुने हुन्छन् । र, त्यस्ता मतदाताले विधायिकामा 'आफ्नो समूहको' सदस्यलाई मात्रै निर्वाचन गर्ने गर्दछन् ।[१४]

यो मागविरूद्ध गान्धीले आमरण अनसन शुरू गरेपछि उनको जीवन रक्षाका खातिर २५ अक्टोबर १९३२ मा अम्बेडकर र गान्धीका प्रतिनिधिबीच 'पुना सम्झौता' भयो र अम्बेडकरले आफ्नो मागबाट पछि हटेर विद्यमान (संयुक्त निर्वाचक मण्डलमा निर्वाचन क्षेत्र आरक्षण) प्रणाली स्वीकारे (महर्जन २०६९ः २३९-२४०) । त्यसलाई डा. अम्बेडकर आफैले पछि अपुरो सम्झौताको रूपमा चित्रित गर्दै पछिसम्म पनि

---

१४ समकालीन लोकतान्त्रिक मुलुकमध्ये सामुदायिक मतदाता प्रणाली अझसम्म कायम रहेको प्रमुख उदाहरण न्युजील्याण्डमा माओरी मतदाताहरूको लागि सञ्चालनमा रहेको छुट्टै मतदाता नामावली हो । यसमा मतदाताहरूलाई दोहोरो मताधिकार हुन्छ । यो गैरभौगोलिक संरचनाको निर्माणमा समेत प्रयोग गर्ने गरिन्छ । तर नेपालमा दलितका लागि गैरभौगोलिक संरचना र दलितले मात्रै मतदान गरेर निर्वाचित हुने प्रणाली उचित नहुने (किसान २०६९ख) र यसले दलितको अलग्गै टापु निर्माण गर्नेतर्फ अग्रसर गराउने हुनाले वैज्ञानिक र व्यावहारिक दुवै नहुने (किसान २०६९क) विश्लेषण पनि विद्यमान रहेको छ ।

असन्तुष्टि पोखेका थिए । हालसम्म पनि भारतीय दलितहरूले २५ अक्टोबरलाई 'कालो दिवस'का रूपमा सम्झने गर्दछन् ।

निर्वाचन क्षेत्र आरक्षण प्रणालीको कार्यान्वयनका लागि पहिला कुनै पनि रूप र तहको जनप्रतिनिधिमूलक निकायको जम्मा सिट सङ्ख्यालाई दलित वा कुनै समुदायको जनसङ्ख्याको आधारमा समानुपातिक वा निश्चित सङ्ख्या (कोटा) छुट्याई प्रदान गरिन्छ । र, सोही सङ्ख्यामा एक सदस्यीय निर्वाचन क्षेत्रहरू आरक्षण गरिन्छन् । उम्मेदवारहरू सम्बन्धित समुदायको मात्रै हुने गर्छन् भने मतदाताचाहिं सम्बन्धित निर्वाचन क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण बालिग रहने गर्दछन् । यो प्रणालीमा एक सदस्यीय निर्वाचन क्षेत्रबाट बढीमत/बहुमतको पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसार सदस्यहरू निर्वाचित हुन्छन् । यसबाट सम्बन्धित समुदाय वा समूहका लागि तोकिएको वा छुट्याइएको सिट सङ्ख्या बराबरको प्रतिनिधित्व सुनिश्चित हुन्छ । तर यो प्रणालीले दलित समानुपातिक वा तोकिएको सङ्ख्या सुनिश्चित गर्ने भए पनि उम्मेदवारहर दलित मात्रै हुने र मतदाताहरू आम बालिग (गैरदलित समेत) हुने भएकाले दलितको मत बाँडिन्छ र गैरदलितको मत निर्णायक हुन्छ । त्यसैले सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित दलित समुदायको सदस्य गैरदलितप्रति बढी अनुग्रही रहनु पर्ने अवस्था बन्छ । यथार्थमा उम्मेदवार र विजयी व्यक्ति दलित समुदायको भए पनि ऊ यथार्थमा आफूलाई निर्वाचित गराउने निर्णायक मतदाताको प्रतिनिधि हुने अवस्था रहन्छ । यसले गर्दा आम दलित लाभान्वित नहुन पनि सक्छन् ।

वर्गीय दृष्टिबाट समेत यो प्रणालीद्वारा निर्वाचित हुने व्यक्ति दलितभित्रैका पनि केही सम्भ्रान्त वर्गकै प्रतिनिधि हुन सक्छन् । समग्रमा यो प्रणालीद्वारा दलित समुदायको तोकिएको प्रतिनिधित्व सुनिश्चित हुने भए पनि यथार्थमा दलितको सामुदायिक र त्यसभित्रका निम्न वर्ग तथा गरीखाने वर्गको प्रतिनिधित्व नहुन सक्छ । त्यति मात्र होइन, आरक्षित निर्वाचन क्षेत्रबाट निर्वाचित दलित उम्मेदवारहरू कानुनी तथा प्रणालीगत हिसाबले जनप्रतिनिधि र शक्तिशाली देखिए पनि उनीहरूभित्रको नैतिक तथा आत्मिक बल कमजोर हुन सक्छ । किनभने उनीहरूले गैरदलित मतदाताहरूको मत एकातिर विकल्पहीन तथा बाध्यात्मक अवस्थामा प्राप्त गरेका हुन सक्छन् भने अर्कोतिर उनीहरूसँग वैध-अवैध आश्वासन, सम्झौता वा सहमति कायम गर्नु पर्ने अवस्था रहन सक्छ । त्यसैले एकल निर्वाचन क्षेत्रमा सबैसँग खुला प्रतिस्पर्धा गरेर विजय प्राप्त गर्ने उम्मेदवारहरूमा जस्तो उच्च नैतिक तथा आत्मिक बल उनीहरूमा नरहन सक्छ । यसले गर्दा स्वाभाविक रूपमा उनीहरू दलित समुदायको

हितप्रति उदासीन रहने अवस्था बन्न सक्छ । भारतको आधा शताब्दीभन्दा बढीको अनुभवले पनि यही देखाउँछ । यो नेपालमा दलित प्रतिनिधित्वको सार र रूपको अन्तर्द्वन्द्वसम्बन्धी विमर्शका लागि सन्दर्भ सामग्री बन्न सक्छ ।

यो प्रणालीद्वारा भारतका आधारभूत वर्ग र दलितमुखी उम्मेदवारले जित्न नसकेको तथ्य देखिए पनि नेपालका दलित अगुवाहरूबाट यो प्रणालीको पक्षमा आवाज उठिरहेको छ । यसो हुनुको नेपथ्यमा एकातिर जनप्रतिनिधिमूलक निकायमा दलित समुदायको समानुपातिक वा तोकिएको प्रतिनिधित्व हुनै पर्ने र त्यो पनि जनताको प्रत्यक्ष मतबाटै निर्वाचित हुनु पर्ने मनसाय हुन सक्छ । अर्कोतिर, राजनीतिक दलका केन्द्रीय तहमा पुगेका र दलित भातृ सङ्गठनका अगुवाहरूमा आफू सुरक्षित हुने भित्री आकाङ्क्षा समेत रहेको हुन सक्छ ।

आर्थिक व्ययको दृष्टिबाट समेत यो प्रणाली उचित हुँदैन । आगामी प्रतिनिधिसभामा प्रत्यक्षको सिटसङ्ख्या हालको संविधानसभाको जस्तो धेरै (२४०) नहुने प्रस्टै छ । सिटसङ्ख्या घट्नेबित्तिकै निर्वाचन क्षेत्रको सीमा बढ्छ । त्यसो हुँदा हालको निर्वाचन क्षेत्रमा भन्दा आगामी निर्वाचन क्षेत्रहरूमा निर्वाचन लागत स्वतः बढ्ने देखिन्छ । तर नेपालका हरेक पार्टीका अधिकांश दलित समुदायका राजनीतिज्ञहरूको आर्थिक हैसियत एउटा निर्वाचन क्षेत्रमा करोडौं खर्चेर जित्दा वा हार्दा थेग्न सक्ने देखिन्न । यो अवस्थामा लामो समय राजनीति गर्दै आएका दलित समुदायका इमान्दार नेताहरूले उम्मेदवारको टिकट लिन नसक्ने र राजनीतिबाटै पलायन हुने डर रहन्छ । र, दलित राजनीति दलितभित्र सभ्रान्त वर्गको हातमा जान्छ, यद्यपि हालको दिनमा दलितमा यो वर्ग देखिँदैन । यदि कसैले आफ्नै करोडौंको सम्पत्ति खर्चेर जितेमा वा चन्दादाताबाट ल्याएर जितेमा ऊ कसैगरी पनि दलित समुदायको प्रतिनिधि हुन सक्दैन । आफ्नै खर्च गरेको भए त्यो पूर्ताल गर्न र अरूको खर्चेको भए उसैको हितको निम्ति नीति बनाउन लाग्छ । यस्तो अवस्थाले दलित समुदायको हित गर्दैन । विद्यमान ससाना निर्वाचन क्षेत्रमा समेत टिकट लिएर प्रतिस्पर्धा गर्न डराएर आफूलाई समानुपातिकतर्फ सूचिकृत गर्न रूचाउनेहरू नै निर्वाचन क्षेत्र आरक्षणको पक्षमा ज्यान फालेर लागेको देख्दा भने ताज्जुब लाग्छ ।

यसका साथै, 'समानुपातिक प्रणालीबाट निर्वाचित हुँदा हीनताबोध हुने, कर्मचारीले नटेर्ने, जनतासँग प्रत्यक्ष सम्पर्क नहुने तथा तिनको परिणामस्वरूप नेतृत्व विकास नहुने भएकाले' निर्वाचन क्षेत्र आरक्षण प्रणाली उचित छ भन्ने तर्क पनि सुनिएका

छन् । यो एकातिर हीनताबोध र अर्कोतिर व्यक्तिगत श्रेष्ठता नै सर्वोपरि हो भन्ने व्यक्तिवादी मान्यताको उपज हुन सक्छ । उदार पुँजीवादी लोकतन्त्रवादीहरूले यो मान्यता राख्नु स्वाभाविकै भए पनि समाजवाद तथा सामूहिकतावादका पक्षधरहरूले यसको वकालत गर्नुलाई चाहिँ अनौठो मान्नुपर्छ । त्यसैले तत्कालका लागि आकर्षक देखिए पनि दीर्घकालीन हितको दृष्टिबाट यो प्रणाली आम दलित समुदायका लागि उचित नहुन सक्छ । तर बाध्यात्मक अवस्थामा भने यो प्रणालीलाई स्वीकार्न सकिने र नेपाली दलितहरूको अवस्था र सङ्घर्षको विशिष्ट सन्दर्भमा यस प्रस्तावलाई प्रयोग गरी हेर्नका लागि बृहत्तर छलफल र पुनर्विचारको आवश्यकतालाई भने इन्कार गर्न सकिँदैन ।

## ४.४ मिश्रित प्रणालीको निरन्तरताबीच थप उपाय

२०६९ जेठ २ भएको राजनीतिक सहमति, दोस्रो संविधानसभाको निर्वाचनका लागि प्रधान न्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्दाको राजनीतिक सहमति, दोस्रो संविधानसभाको निर्वाचन अवलम्बन गरिएको निर्वाचन प्रणाली र संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा भएको पछिल्लो सहमतिलाई हेर्दा विद्यमान मिश्रित निर्वाचन प्रणालीलाई नै निरन्तरता दिइने अवस्था देखिन्छ । संविधानसभामा यो प्रणालीमा सहमति भएमा दलित समुदायसँग अर्को निर्वाचन प्रणालीको पक्षमा सङ्घर्ष गर्ने वा यसको निशर्त समर्थन गर्ने वा यसमा सुधार गर्न पहल गर्ने विकल्प बाँकी रहन्छन् । नढाँटी भन्दा नेपाली दलित आन्दोलनको विद्यमान क्षमता र हैसियत भनेको आफ्ना कार्यसूचीलाई स्थापित गर्ने भन्दा पनि दलहरूका कार्यसूचीमा सके थपघट गर्ने, नसके चुपचाप समर्थन गर्ने रहेको हुँदा प्रमुख दलका दलित अगुवाहरूमा पनि मिश्रित निर्वाचन प्रणालीमा केही थपघट गरी समर्थन गर्नु पर्छ भन्ने प्रवृत्ति हावी हुँदै गएको देखिन्छ ।[१५]

विगतमा पनि मिश्रित निर्वाचन प्रणालीमा सुधार गरेर जाने सम्बन्धमा केही विचार तथा माग छलफलमा आएका थिए । त्यसका लागि मिश्रित प्रणालीमा पहिलो हुने निर्वाचित हुने प्रणालीको सिट प्रतिशत कम र समानुपातिकतर्फ बढी प्रतिशत सिट

---

१५ समता फाउण्डेशन र समावेशी फाउण्डेशनद्वारा २०७१ साउन १२ गते काठमाडौंमा आयोजित 'दलित-मैत्री निर्वाचन प्रणाली'सम्बन्धी कार्यक्रममा नेपाली काङ्ग्रेसका जीवन परियार, मानबहादुर नेपाली र नेकपा एमालेका गणेश बिके, ज्ञानु गैरे, दलबहादुर सुनार, चुडामणि जङ्गलीले विद्यमान मिश्रित निर्वाचन प्रणालीमा सुधार गर्नु पर्ने मत व्यक्त गरेका थिए ।

छुट्याइनु पर्ने (युएनडीपी २०६९) र पहिलो हुने निर्वाचित हुने प्रणालीको निर्वाचनमा पनि समानुपातिक उम्मेदवारीको सुनिश्चित हुनु पर्ने; संविधानसभा सदस्य निर्वाचन ऐन, २०७० को दफा ५(३), दफा ३(ग), दफा ७(४), दफा ७/१५), दफा ७/९ र १२); र दफा ७/१५) जस्ता दफामा दलितमुखी संशोधन गरिनु पर्ने माग उठाइएका थिए (किसान २०७०क)।[१६] पछिल्लो समयमा विद्यमान मिश्रित निर्वाचन प्रणालीको समानुपातिकतर्फको व्यवस्थालाई जस्ताको तस्तै राखेर प्रत्यक्षतर्फ दलितका लागि निर्वाचन क्षेत्र आरक्षण गर्नु पर्ने उपायको खोजी पनि हुन थालेको छ ।[१७] विद्यमान नेपाली दलित आन्दोलनको क्षमता र प्रमुख दलहरूको प्रवृत्तिलाई हेर्दा दलितमुखी संशोधनको सम्भावना कम र दलितविरोधी संशोधनका सम्भावना बढी देखिन्छ । तापनि, विद्यमान निर्वाचन प्रणालीमा दलितमुखी सुधारका विविध आयामबारे निरन्तर बहस र दबाबसँगै अन्य न्यायोचित उपायको खोजी गरिरहनु जरूरी छ ।

यसै क्रममा विद्यमान निर्वाचन प्रणालीभित्रै दलित समुदायको हकमा लागू हुने गरी 'सर्वोत्कृष्ट पराजित प्रणाली' (best looser system) थप गर्न सकिने बहस पनि शुरू भएको छ (किसान २०७०क) । यो प्रणाली मौरिसस नामक अफ्रिकी देशमा अवलम्बन गरिएको छ । यो प्रणालीका अनुसार अल्पसङ्ख्यक तथा सीमान्तकृत समूहबाट पहिलो हुने निर्वाचित हुने प्रणालीको निर्वाचनमा सबभन्दा बढी मत ल्याई पराजित हुने केही उम्मेदवारलाई समग्र रूपमा जातीय सन्तुलन कायम गर्न विधायिकामा स्थान दिने गरिन्छ । यो उपायलाई मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली दुवैमा लागू गर्न बढी सजिलो हुने भए पनि विद्यमान मिश्रित निर्वाचन प्रणालीमा समेत लागू गर्न सकिन्छ । यसले प्रत्यक्षतर्फको निर्वाचनमा दलित समुदायका व्यक्तिहरूलाई उम्मेदवार हुन थप प्रेरित गर्ने देखिन्छ ।

संविधानसभाका दुवै निर्वाचनमा विशेष गरी राजनीतिक दलका केन्द्रीय नेतृत्वमा पुगेका, दलित भातृ सङ्गठनका प्रमुख पदहरू धारण गरेका, पार्टीमा लामो योगदान भएका दलित समुदायका कतिपय लोकप्रिय तथा पाका नेताहरू समेत प्रत्यक्ष

१६ अन्तर्राष्ट्रिय दलित विकास मञ्च नेपालद्वारा २०७० जेष्ठ ३१ गते काठमाडौंमा आयोजित 'वर्तमान राजनीतिक अवस्था, आगामी निर्वाचन र दलित विषयक' कार्यक्रममा यामबहादुर किसानद्वारा प्रस्तुत 'वर्तमान राजनीतिक अवस्थामा संविधानसभाको निर्वाचन र दलित प्रतिनिधित्व' कार्यपत्र ।

१७ संविधानमा समेटिनु पर्ने दलित समुदायका सवालबारे दलित सभासद्हरूले २०७१ भाद्र ६ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पेस गरेको सुझाव ।

(पहिलो हुने निर्वाचित हुने प्रणाली) तर्फको निर्वाचनमा उम्मेदवार हुन अन्कनाएको, कतिपयले आफूलाई पार्टीले पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको टिकट दिँदैछ रे भन्ने थाहा पाएपछि समानुपातिकतर्फ सूचीकृत हुन कम्मर कसेर लागेको र कतिपयले प्रत्यक्षका लागि पाइसकेको टिकट समेत फिर्ता गर्न लागीपरेको चर्चा चलेको थियो । त्यसै गरी, प्रमुख राजनीतिक दलहरूले पनि दलितलाई पहिलो हुने निर्वाचित हुने प्रणालीमा टिकट दिन अन्कनाएको अवस्था पनि उल्लेखनीय थियो । यसरी एकातिर दलित अगुवाहरू टिकट लिन नचाहनु र प्रमख दलहरू टिकट दिन नचाहनुमा दलितहरूको कमजोर आर्थिक अवस्था, कमजोर सामाजिक हैसियत, सत्तासँगको पहुँचमा कमी र 'दलितलाई गैरदलित मतदाताले भोट दिँदैनन् र दलित उम्मेदवार हार्छन्' भन्ने मानसिकताले दुवैतर्फ काम गरेको थियो । यसरी सम्भावित उम्मेदवार हुने व्यक्तिमा आफू हार्ने मानसिकता र पार्टीमा सिट गुम्छ भन्ने भय थियो ।

यो मानसिकताको उपचारका लागि 'सर्वोत्कृष्ट पराजित प्रणाली' एक उपयुक्त उपाय हुने देखिन्छ । यो प्रणालीबमोजिम पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवार भई दोस्रो स्थान प्राप्त गरी पराजित हुने वा दलित समुदायका सबै पराजित उम्मेदवारभन्दा बढी मत ल्याएर पराजित हुने उम्मेदवारहरूलाई 'सर्वोत्कृष्ट पराजित' घोषित गरी उनीहरूलाई समानुपातिक निर्वाचन प्रणालीअनुसारको सूचीमा स्वतः समावेश भएको मानी सोबाट अनिवार्य निर्वाचिन गरिने वा मनोनीतको सिटबाट ल्याइने व्यवस्था गर्न सकिन्छ । यसले दलित समुदायका नेताहरूलाई पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको निर्वाचनमा उम्मेदवारी दिन आत्मबल प्रदान गर्दछ ।

विद्यमान प्रणालीमै मिसाउन सकिने अर्को उपाय पनि छ । त्यो 'सकारात्मक सीमा अनुकूलन प्रणाली' (gerrymandering) हो (किसान २०७०क) ।[१८] यस प्रणालीको

१८ संयुक्त राज्य अमेरिकाको म्यासाच्युसेट्स राज्यका तत्कालीन गभर्नर थोमस जेरीले सन् १८१२ मा निर्वाचन क्षेत्र अनुकूलन गरी कुनै निश्चित पार्टी वा वर्गको प्रतिनिधित्व सुनिश्चित गराएका थिए । कसैको प्रतिनिधित्व सुनिश्चित गर्न वा नगर्नका लागि गरिने सीमा अनुकूलन कार्यलाई पछि उनैको नाउँबाट स्थापित गर्दै 'जेरीम्याण्डरिङ' भनियो । यो प्रणाली त्यस बखत सत्ताधारी वर्गका व्यक्तिहरूको प्रतिनिधित्व बढाउन लागू गरिएको भए पनि यसलाई पिछडिएका जात, जाति वा वर्गका निम्ति पनि लागू गर्न सकिन्छ । नेपालमा पनि विगतमा निर्वाचन क्षेत्र निर्धारण गर्दा परम्परागत शासक वर्ग वा जातजातिले 'जेरीमेण्डरिङ' गर्दै आएका छन् । अब दलित वा वञ्चितीकृत समुदायको निम्ति यो प्रणाली लागू गर्ने बेला आएको छ ।

प्रयोगबाट समेत प्रत्यक्ष निर्वाचनमा कुनै खास समूहको प्रतिनिधित्वलाई प्रवर्धन गर्न सकिन्छ । यस प्रणालीमा निर्वाचन क्षेत्रको सीमालाई सो समुदायको बसोबासको अवस्थाअनुसार बाँगोटिंगो समेत हुने गरी निर्धारण गर्ने गरिन्छ, जसले गर्दा सो निर्वाचन क्षेत्रमा सो समुदायको मतदाताको सङ्ख्या बढ्ने उम्मेदवारले जित्ने सम्भावना बढी हुन्छ ।

वास्तवमा यी सबै उपाय बाध्यात्मक अवस्थाका सुधारवादी विकल्प हुन् । तर दलित समुदायले वञ्चितीकरणमा परेका अन्य वर्ग, जात, जाति, लिङ्ग, धर्म, क्षेत्र र समुदाय तथा समूहसँग सहकार्य गर्दै विद्यमान प्रणालीमा सुधार गर्ने भन्दा पनि दलितमुखी नयाँ प्रणाली स्थापित गर्नेतर्फ बढी ध्यान र गतिविधि केन्द्रित गर्नु जरूरी हुन्छ । त्यो भनेको मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली हुन सक्छ ।

५.

# निष्कर्ष

निर्वाचन प्रणाली साध्य होइन, साधन हो । यो विभिन्न वर्ग, जात, जाति, लिङ्ग, समुदाय, राजनीतिक दल र राजनीतिक विचारका व्यक्तिलाई राज्यको जनप्रतिनिधिमूलक निकायमा पुऱ्याउने एवं त्यसलाई वैधानिकता प्रदान गर्ने साधन हो । त्यसैले यो राज्यजस्तै वर्गसापेक्ष, जातजातिसापेक्ष, लिङ्गसापेक्ष तथा विचारसापेक्ष हुन्छ । अतः सबै खाले समुदाय र समूहले आ–आफ्ना स्वार्थअनुसारको निर्वाचन प्रणालीको पक्षमा खिचातानी, माथापच्ची र विवाद गर्नु स्वाभाविकै हुन्छ ।

महत्त्वपूर्ण कुरा के हो भने, पहिला राज्यका जनप्रतिनिधिमूलक निकायहरूलाई जातजाति, वर्ग, समुदाय र लिङ्गका दृष्टिबाट पूर्ण समानुपातिक, आंशिक सहभागितामूलक वा साङ्केतिक समावेशी के बनाउने भन्नेबारे राजनीतिक निर्णय हुनु पर्दछ र त्यसलाई संवैधानिक प्रत्याभूति गरिनुपर्दछ । त्यसपछि सोहीअनुसारको निर्वाचन प्रणाली छनौट गर्ने हो । कति गर्ने भन्ने साध्य हो भने कसरी गर्ने भन्ने साधन हो । तर दलित समुदायले साध्यमा कम र साधनमा बढी ध्यान दिने गरेको देखिन्छ । जबकि दुवैमा उत्तिकै ध्यान दिन जरूरी हुन्छ ।

त्यसो त दुवै संविधानसभाको बनौट पूर्ण समानुपातिक नभएर आंशिक सहभागितामूलक रहेकाले विद्यमान रूप र सारसहितको मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको हुन सक्छ । आगामी दिनमा पनि यस्तै रहेमा यही निर्वाचन प्रणाली अवलम्बन

गरिएला । पूर्ण समानुपातिक भएमा मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली वा भारतको जस्तो एकल सदस्यीय निर्वाचन क्षेत्रमा दलितका लागि आरक्षण गरिएला । साङ्केतिक समावेशी मात्रै हुने भएमा पहिलो हुने निर्वाचित हुने प्रणालीमा केही मनोनीत गर्ने व्यवस्था गरिएला, विद्यमान स्थानीय निकायमा जस्तै । यस अर्थमा जनप्रतिनिधिमूलक निकाय कस्तो बन्ने र कसको कति प्रतिनिधित्व रहने भन्ने नै पहिलो महत्त्वको विषय हो र निर्वाचन प्रणाली दोस्रो महत्त्वको ।

त्यसैले विद्यमान संविधानसभाभित्र संविधान निर्माणको प्रक्रिया चलिरहँदा परम्परागत शासक जातजाति, वर्ग र लिङ्गका व्यक्तिहरूले सकेसम्म राज्यलाई असमावेशी बनाउने र त्यसका लागि एकल सदस्यीय निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने प्रणाली अवलम्बन गर्ने प्रयास गर्लान् । त्यस्तै, दलित, महिलालगायतका अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायका व्यक्तिहरूले भने पूर्ण समानुपातिक राज्य र सोहीअनुसारको मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीको पक्षमा आफ्नो अभिमत जाहेर गर्लान् । विगतमा पहिलो संविधानसभाको निर्वाचनको पूर्वसन्ध्यामा, पहिलो संविधानसभाभित्रको निर्वाचन प्रणालीसम्बन्धी बहसमा, दोस्रो संविधानसभाको निर्वाचनको पूर्वसन्ध्यामा पनि यस्ता खिचातानी भएका थिए । विद्यमान संविधानसभाभित्र पनि यस्तै भइरहेको छ । र, आगामी दिनमा पनि स्वाभाविक रूपमा यो खालको खिचातानी हुने देखिन्छ ।

कुनै एउटै मात्र निर्वाचन प्रणाली पूर्ण र सर्वोत्कृष्ट भन्ने हुँदैन । यो पनि समय, परिवेश, वर्ग र समुदाय सापेक्षिक हुन्छ । त्यसैले विद्यमान परिवेशमा नेपालका जनप्रतिनिधिमूलक निकायहरू सबै समुदायको पूर्ण समानुपातिक भएको खण्डमा वा विभिन्न समुदायका लागि निश्चित सिट सङ्ख्या वा प्रतिशत तोकिएको खण्डमा दलित समुदायभित्रको गरीखाने वर्गको प्रतिनिधित्वसहित समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने प्रणाली भनेको 'मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली' नै हो । यो आजको समय र परिवेश सापेक्षिक छ । त्यसैले नेपाली दलित आन्दोलनका सबै सरोकारवालाबीच यो प्रणालीको पक्षमा एकमत बनाउन तथा यसैलाई स्थापित गर्न एकता र सङ्घर्षको वातावरण तयार गर्नु आवश्यक छ । यही नै नेपाली दलित आन्दोलनको आजको कार्यसूची बन्नु पर्दछ ।

## सन्दर्भ-सामग्री

आचार्य, भीमार्जुन । २०६४ । *संविधानसभा प्रक्रिया र अनुभव* । काठमाडौँः राष्ट्रिय शान्ति अभियान ।

किसान, यामबहादुर । २०६७ । *दलित र सकारात्मक उपाय* । काठमाडौँः एक्शनएड नेपाल र नेशनल स्कूल अफ रिसर्च ।

किसान, यामबहादुर । २०६९क । दलित र गैरभौगोलिक सङ्घीयताः सान्दर्भिकता र उपादेयता । सङ्घीयताको बहसमा दलित । निर्मलकुमार विश्वकर्मा, गजाधर सुनार र सुशील बिके, सं., पृ. १००–११६ । काठमाडौँः दलित गैरसरकारी संस्था महासङ्घ र इन्स्टिच्यूट अफ दलित स्टडिज ।

किसान, यामबहादुर । २०६९ख । सङ्घीयता र दलित समावशीकरणः आशा र आशङ्का । *रूपान्तरणः सामाजिक अध्ययन ८*ः १७१–२०० ।

किसान, यामबहादुर । २०७०क । अन्तर्राष्ट्रिय दलित विकास मञ्च नेपालद्वारा २०७० जेष्ठ ३१ गते काठमाडौँमा आयोजित वर्तमान राजनीतिक अवस्था, आगामी निर्वाचन र दलित विषयक कार्यक्रममा प्रस्तुत 'वर्तमान राजनीतिक अवस्थामा संविधानसभाको निर्वाचन र दलित प्रतिनिधित्व' नामक कार्यपत्र ।

किसान, यामबहादुर । २०७०ख । दलित उम्मेदवारीः देखावटी मात्रै । *कान्तिपुर*, २१ कार्तिक, पृ. ७ ।

युएनडीपी । २०६९ । *नयाँ संविधानमा दलित समुदायको साझा सवाल* । काठमाडौँः नेपालमा सहभागितामूलक संविधान निर्माण परियोजना (एसपीसीबीएन) ।

नेपाली श्रेष्ठ, उदय; कृष्ण खनाल, कृष्णमान प्रधान, माधव पौडेल र विदुर के.सी. । २०६२ । *निर्वाचन प्रणालीको प्रारूपः अन्तर्राष्ट्रिय आइडिइयको नयाँ हातेपुस्तक* । काठमाडौँः आइडिइय र इनेब्लिङ स्टेट प्रोग्राम ।

विश्वकर्मा, जे.बी. । २०६९ । *अप्रतिनिधित्वको दुश्चक्रः नेपालमा निर्वाचन प्रणाली र दलित प्रतिनिधित्व* । राजेन्द्र महर्जन, सं. । काठमाडौँः समता फाउण्डेशन ।

महर्जन, राजेन्द्र, सं. । २०६९ । *सत्ता विमर्श र दलित; अम्बेडकरः दृष्टिकोण र विवेचना* । काठमाडौँः समता फाउण्डेशन ।

संविधानसभा सचिवालय । २०६६ । *राज्यको शासकीय स्वरूप निर्धारण समिति अवधारणापत्र र व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन,* २०६६ । काठमाडौं ।

श्रेष्ठ, हरिकृष्ण । २०६४ । *नेपालको संवैधानिक र राजनीतिक विकास* । काठमाडौंः पैरवी बुक हाउस ।

हाछेथु, कृष्ण । २०७० । नेपालमा सामाजिक सद्भाव र सङ्घीयता । *सामाजिक सद्भावका आयाम* । राजेन्द्र महर्जन, सं., पृ. ७७–११२ । ललितपुरः नेपाल मधेश फाउण्डेशन ।

संविधानमा समेटिनु पर्ने दलित समुदायका सवालबारे दलित सभासद्हरूले २०७१ भाद्र ६ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पेस गरेको सुझाव ।

संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा नेपाली काङ्ग्रेस र नेकपा (एमाले) संयुक्त रूपमा प्रस्तुत गरेको संविधानका अन्तर्वस्तुसम्बन्धी अवधारणा प्रस्तुत गरिएको बारे । कार्तिक २०७१ ।